# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (बाह्रौं बैठक)

# कार्यबाहीको सम्पूर्ण विवरण

# मिति : २०७७।०२।२० गते

माननीय सदस्यहरू आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू अब मिति २०७७ साल जेठ १८ गते माननीय प्रदेश प्रमुखज्यूबाट सभा समक्ष प्रस्तुत गर्नुभएको प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ हुन्छ । उक्त छलफलमा बोल्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १२ मिनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम मानननीय सदस्य श्री दीपक कोइरालालाई बोल्ने समय दिन्छु ।**

**माननीय सभामुखज्यू**, प्रस्तुत सरकारको नीति कार्यक्रमका विषयमा हामी छलफलमा छौं । दोस्रो दिन यो विषयमा हामी यो सम्मानित सभामा छलफलको क्रममा जुटिरहेका छौं । मिति २०७७ साल जेठ १८ गते हाम्रो माननीय प्रदेश प्रमुखद्वारा प्रस्तुत नीति तथा कार्यक्रम गण्डकी प्रदेश सरकारले जुन रूपमा ल्याएको छ समग्रतामा यो एउटा संविधानको प्रस्तावनालाई दिशा निर्दिष्ट गरेको छ । समाजवाद उन्मुख समाजको निर्माण गर्ने कार्यदिशा बोकेर नै आएको छ । समग्रमा यो विषयमा छलफल र वहसहरू चलिरहेका छन् । यो सकरात्मक रूपमा धेरै मेहेनेत गरेर प्रदेश सरकारले यो प्रस्तुत गरेको छ । म यसका बारेमा जानु भन्दा अगाडि म हामीलाई आज प्रदेश सभाको रूपमा प्रदेश सभामा बसेर हाम्रो सरकारको नीति कार्यक्रमको बारेमा छलफल गर्ने, प्रदेशको विकास निर्माणको विषयमा योजनाहरू निर्माण गर्ने या केन्द्रीकृत सामन्ती व्यवस्थाको ठाउँमा संघीयतासहितको लोकतान्त्रिक, गणतान्त्रिक व्यवस्था स्थापना गर्नका निमित्त आफ्नो जीवन बलिदान गर्ने जनआन्दोलनलगायत यी शहीदहरूलाई विशेष धन्यवाद व्यक्त गर्दछु र श्रद्धाञ्जली दिन चाहन्छु र सो क्रममा बेपत्ता हुनुभएको योद्धाहरूको अवस्था छिट्टै सार्वजनिक हुने छ भन्ने

कुरा अपेक्षा पनि गर्दछु । मैले अस्ति पनि यो कुरा राखेको थिएँ । शान्ति प्रकृयामा आउँदा ६ महिनाभित्र सम्पन्न गर्ने भनेका धेरै कामहरू अझै बाँकी नै छन् र अधुरै छन् । यो मध्ये एउटा बेपत्ता योद्धाहरूको अवस्था सार्वजनिक गर्ने कामहरू हो । यो सम्पन्न भएको छैन । यो छिटै नै सार्वजनिक हुनेछ भन्ने अपेक्षा पनि गर्दछु । सो क्रममा घाइते, अपाङ्ग हुनुभएका सम्पूर्ण सहयोद्धा, सहयात्रीहरूप्रति उहाँहरूको स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । यसलाई नीति कार्यक्रममा पनि यस्ता विषयहरू समेटेर आएका छन् । अझै यसलाई व्यवस्थित रूपमा अगाडि बढाउन आगामी दिनहरूमा हामी सक्षम हुने छौं भन्ने अपेक्षा पनि म राख्न चाहन्छु । कोभिड-१९ को कारणले विश्वभरी जसरी मानिसहरूको ज्यान गएको छ सबैप्रति श्रद्धाञ्जली व्यक्त गर्दछु । र सबै जो उपचारमा हुनुहुन्छ उहाँको स्वस्थ्य लाभको कामना गर्दछु ।

र गण्डकी प्रदेश सरकार जसले यो कोभिड-१९ का परास्त गर्नका लागि जे जस्ता योजनाहरू निर्माण गरेको छ सीमित साधन र स्रोतहरू होला यसमा पर्याप्त मात्रमा कामहरू भएका होइनन्, छैनन् होला किनकि यी आजका संसारका सबभन्दा राम्रा विकसित स्वास्थ्य प्रणालीमा एकदमै राम्रो भनेर हामीले नै व्याख्या गरिरहेका देशहरूको पनि हालत हामीले हेरिरहेका छौं भने हाम्रो जस्तो देशमा हामी विकासउन्मुख देशका रूपमा या हामी भर्खरै संघीयताको कार्यान्वयन गर्दै गरेको चरणमा छौं । संघीयता प्रदेश सरकारका या प्रदेश तहका पनि धेरै सिमाहरू यसलाई अझै धेरै व्यवस्था गर्नुपर्ने कामहरू बाँकी नै रहेको बेलामा जे जति सरकारले गरेको छ त्यो पर्याप्त मात्रामा होला, नहोला पर्याप्त मात्रामा गर्न सकिएला नसकिएको होला तर पनि जे जस्तो मेहेनेत प्रदेश सरकारले गरिरहेको छ । यो एकदमै सह्रानीय रूपमा कामहरू अगाडि बढिरहेको छ भन्ने कुरा राख्न चाहन्छु र प्रदेश सरकारलाई हार्दिक आभार र धन्यवाद ज्ञापन गर्न चाहन्छु र आगामी दिनमा मैले पछिल्लो चरणमा जसरी प्रदेश पनि कोभिड-१९ को चपेटाबाट एकदमै तिब्र रूपमा जसरी अगाडि बढिरहेको छ त्यसमा परास्त गर्न हाम्रो सरकार, प्रदेश सरकार हामी सबै सक्षम हुने छौं भन्ने विश्वास र अपेक्षा पनि राख्दछु । र म नीति तथा कार्यक्रमको बारेमा अगाडि बढ्दै गर्दा यहाँ धेरै कुराहरू आए म त्यतातिर लाने कुरा मेरो मनसाय होइन तैपनि मैले कुराहरू राख्दै गर्दा सरकारको स्पष्टिकरण दिएजस्तो देखिन आइहालेछ भने पनि सरकारको स्पष्टिकरण दिएको नबुझ्न पनि म अनुरोध गर्दछु । किनभने राम्रो छ भन्दा सत्ता पक्षको र नराम्रो छ भन्दा प्रतिपक्षको जस्तो संघीय सभामा पनि हेर्छु, अन्तपनि सबैतिर हेर्छु राम्रो भन्दा सत्ता पक्षको या सत्ता पक्षकोले राम्रो भन्नुपर्ने जस्तो या प्रतिपक्षको नराम्रो भन्नु पर्दा सत्ता पक्ष र प्रतिपक्षले भन्नु यो हाम्रो संसदीय पक्षमा यस्तै नै भइराख्छ या यस्तै नै हाम्रो परम्परा हो या के हो त्यो त अलि धेरै नै अध्ययन त मैले गरेको छैन । तैपनि यो नीति तथा कार्यक्रममा मैले अलिकति कसरी यसलाई हेर्न सकिन्छ । यसमा केही हामीले सत्ता

पक्षकै सांसद भएर विरोध गर्न सकिन्छ भनेर मेहेनेत गरे क्या किनभने सत्तापक्षको सबैले समर्थन मात्रै गरिराख्छन् । यसले काही केही छ कि भनेर निकै यसको खोजतलास अनुसन्धान गरें तर काही त्यो ठाउँ प्राप्त गरिन । अब ठाउँ नै प्राप्त नगरेपछि त त्यसको समर्थन त गर्नै पर्‍यो । यसलाई त विरोधै गर्नु पर्छ भन्ने त केही पनि भएन त्यसकारण मैले भन्न खोजेको कुरा के हो भने सत्ता पक्षको सांसद भएको नाताले मात्र होइन । यो नीति तथा कार्यक्रममा उल्लेख भएका विषयवस्तु नै सकरात्मक भएका कारणले यी विषयवस्तुहरू नै हामीले संविधानको प्रस्तावनामा समाजको समाजवादको पनि कुरा भएको छ ।

म यो कुराको सभा समक्ष के राख्छु भने समाजवादका पक्षमा पनि एउटा वहस बस्न जरुरी छ । हामीले समाजमा कसैले संविधानका बारेमा समाजवादको प्रस्तावनाले के भन्यो समाज उन्मुख, समाजवाद उन्मुख व्यवस्था हो यो । हामी कसैले के बुझ्यौं भने यो समाजवाद वादै हो भन्ने बुझ्यौं । हामी कसैले के बुझ्यौं भने यो समाजवाद भनेको केही पनि होइन भन्ने बुझ्यौं । यसरी यो संविधानको प्रस्तावनाले के भनेको छ भने हामी समाजवादको दिशाउन्मुख तिर जाने हो । अब त्यो समाजवादी दिशातिर जानको लागि हाम्रा नीति कार्यक्रमहरूले त्यसलाई सपोट गरेको छ कि छैन ? यसले त्यसलाई मद्दत पुर्‍याउँछ कि पुर्‍याउँदैन ? भनेर मैले सर्सर्ती सबै हेरें । त्यो सबै कामहरू हामीले त्यसलाई मद्दत पुर्‍याएकै म देख्दछु अनि समृद्ध समाजको नारा छ समृद्ध सुखी नागरिकको कुरा छ, त्यो कुरालाई हामीले पूरा गर्न सक्छौं कि सक्दैनौं ? भनेर सबै कुरा हेरियो त्यो कुरा हेर्दा पनि त्यसले पनि पूरा गर्ने नै देखिन्छ । यो सबै कुरालाई सबै पृष्ठभूमि नै अघिनै सबै भने ती सरकारको प्रस्तुत नीति तथा कार्यक्रमलाई समग्रतामा हेर्दा हाम्रो संविधानले जुन दिशा पक्डन हामीलाई भनेको छ समाजवादको दिशा अगाडि बढ्नु भनेको छ या समाजवादी मोडलमा हामी अगाडि बढ्छौं भनेको छ त्यो दिशातर्फ यसले प्रष्ट रूपमा लैजान्छ भन्ने कुरामा म चाहिँ विश्वस्तका साथ राख्न चाहन्छु कि मैले त्यो बाहेक अरु विकास निर्माणका कार्यहरू या अरु कामहरू आज कोभिड-१९ को पक्षमा मैले २/३ वटा पक्षका रूपमा यसलाई हेरें ।

एउटा समीक्षाको पाटो रूपमा लाने समीक्षामा यो जुन नीति तथा कार्यक्रम सुरुमा गरिएको छ, त्यसले आजसम्म सरकारले गरेका कामहरूको राम्रो समीक्षा गरेको छ । कति गरेको छ त्यो भनेको छ । किलोमिटर पनि भनेको छ मिटर पनि भनेको छ घरधुरी पनि भनेको छ सबै कुरा जति गर्न सक्यो त्यो कुरा यसले भनेको छ । अब हामीले विगतमा के गर्न सक्यौं भन्ने कुरा हेर्‍यौं भने अब हामी अगाडि कसरी बढ्न सक्छौं भन्ने कुराको राम्रो हामीले दिशा दिन सक्छौं त्यसकारण यसले सुरुमा जुन ढङ्गबाट समीक्षा गरेको छ त्यो वस्तुवादी रूपमा

गरेको छ । जे गरिएको हो त्यो कुरा भनिएको छ । यहाँ गरिएको कुरा नगरिएको कुरा लेखिएको छैन । भनिएको छैन । त्यसकारण यो समीक्षा जुन ढङ्गबाट गरिएको छ त्यसको आधारमा टेकेर अगाडि बढ्दा यसमा २/३ वटा पक्ष छ । एउटा एउटा हाम्रो आजको अवस्था छ, कोभिड-१९ को जे समस्या छ त्यसलाई कसरी हल गर्न सकिन्छ भन्ने कुरा यो नीति तथा कार्यक्रमले बोलेको छ । त्यो नै आजको आवश्यकता हो । आजको आवश्यकता के हो भने आज जुन ढङ्गले हामीले सोचेका थिएनौं । जति बेला हामीले संघीय गणतन्त्र लोकतान्त्रिक व्यवस्था कायम गऱ्यौं । कार्यान्वयन गऱ्यौं या हामीले चाहिँ प्रदेश सरकार बनायौं या त्यो बेला हामीले यो कुरा बोल्दैनौं कि कोभिड-१९ का कारणले हामी यति ठूलो जोखिम मोल्नु पऱ्यो । हामी मात्रै होइन आज विश्व नै मानव सभ्यता नै जोखिममा परेको छ । आज विश्व मानव नै जोखिममा परेको छ । यो अवस्था आउँछ भन्ने कुरा परिकल्पना गरेकै थिएनौं । तर आज आयो र त्यसको कसरी हल गर्न सकिन्छ भन्ने कुरा पहिलो कुरा हो । यसलाई यसले राम्रोसँग इगिंत गरेको छ । यसलाई कसरी हल गर्न सकिन्छ ? भन्ने कुरा यसले राम्रोसँग भनेको छ र हामी कोभिड-१९को विरुद्ध कसरी लड्छौं भन्ने कुरा हामीले राम्रोसँग प्रष्टसँग भनेको छ । त्यसपछि अर्को कुरा हो हामीले चालु रहेका हामीले काम गरिरहेका या हामीले यो भन्दा अगाडि घोषणा गरिएका कार्यक्रम, नीतिहरूलाई निरन्तरता दिने काम हो त्यो पनि गऱ्यो ।

अर्को एउटा दीर्घकालीन रूपमा पार्ने जुन प्रभाव हो या हामीले भनेको समाजवादउन्मुख नीति कार्यक्रम हो त्यो कुरा पनि यसले भनेको छ भनेपछि यसले २/३ वटा एङ्गलबाट २/३ वटा टपिक्सबाट यसलाई हेर्दा र अन्तिममा अर्को टपिक के छ भन्दा प्रदेश सरकार या प्रदेश तह आफैलाई कसरी बलियो बनाउन सकिन्छ भन्ने कुरा यसले अन्तिममा भनेको छ । आफू कसरी बलियो हुन सकिन्छ ? प्रविधिको हिसाबले, सूचनाको हिसाबले हाम्रा कार्यालय हेडक्वाटरको हिसाबले यसलाई कसरी सुदृढ गर्न सकिन्छ ? भनेर पनि यसले भनेको छ भन्दा आफू कसरी सुदृढ हुन सकिन्छ ? र आजको दिनमा आजको सूचना प्रविधिको युगमा हाम्रा अफिसहरूलाई या हाम्रा संरचनाहरूलाई कसरी अगाडि बढाउन सकिन्छ भन्नेसमेत कुरा यसले भनेको छ । यो आधारमा हेर्दा समग्रतामा सबै कुरा हेर्दा यसका बुँदाबुँदातिर जान म चाहिन यो समय पनि छैन र त्यो जरुरी पनि छैन । किनकि यो सबै हामीले हेरेकै छौं । पढेकै छौं, जानेकै छौं । तर समग्रतामा हेर्दा यो नीति तथा कार्यक्रमले हामीले जे कुरा भन्न खोजेका छौं या हामीले देशलाई या प्रदेशलाई हाम्रो प्रदेशलाई जुन दिशातिर लैजान खोजिरहेका छौं त्यो दिशातिर प्रष्ट रूपमा लैजान्छ नै भन्ने मलाई लाग्दछ । र यसको म यो नीति तथा कार्यक्रमलाई मेरो बुझाइ रहेको कुरा म यहाँहरू समक्ष राख्न चाहन्छु ।

**माननीय सभामुख महोदय,** जनस्वास्थ्यको क्षेत्रमा, कृषि उत्पादन रोजगारीको क्षेत्रमा, भौतिक पूर्वाधारको क्षेत्रमा, पर्यटन वातावरण संरक्षणको क्षेत्रमा, शिक्षाको क्षेत्रमा, या युवा खेलकुदको क्षेत्रमा, महिला जनजातिहरूको क्षेत्रमा या पिछडिएका जनजातिहरूको क्षेत्रमा समग्रतामा यसले हरेक बुँदालाई हेऱ्यो भने काहि न काहि कसै न कसैको, कुनै न कुनै कुरामा यसले समेट्छ भन्ने कुरा ढुक्कका साथ भन्न सकिन्छ त्यसकारण हामीले कतिपय कुराहरू यसमा समन्वय मात्र गरिने छ भनेर कतिपय कुरा गरिन्छ गरिएकै छ गरिन्छ पनि भनिएको छ । समन्वय गर्ने कुरा मैले त्यो पनि हेरें । समन्वय मात्र गरेर हुन्छ ? भर्खरै मैले एउटा संविधान पल्टाएँ प्रदेश सरकारको या प्रदेश सभाको प्रदेश सरकारको कार्य क्षेत्रभित्रै नपर्ने कुरा त उसले समन्वय बाहेक अरु के नै गर्न सक्दछ ? समन्वय नै गर्ने हो । उसले जे कुरा आफ्नो अधिकारको रूपमा प्राप्त गरेको छ या संविधानले जे कुरा उसलाई अधिकारको रूपमा दिएको छ त्यसलाई उसले कार्यान्वयन गर्ने हो । जे कुरा संविधानमा भनिएको छ सरकार प्रदेश सरकार मात्रै छैन ।

आज हामी संघीय लोकतान्त्रिक गणतन्त्रका रूपमा छौं र तीन तहका सरकार छ । तीन तहकै सरकारको सह अस्तित्व, सहकार्य विना हामी अगाडि बढ्न सक्दैनौं भनेर संविधानले अगाडि नै भनिसकेको छ भने हामीले अरु तहसँग मिलेर गर्ने काम भनेको प्रदेश सरकारले गरिने काम भनेको समन्वय रूपमा नै गर्ने हो । ती कामहरू समन्वय गरेर मात्रै हुन्छ त्यसकारण समन्वय गरेर गर्ने कामहरू या आफैले गर्ने कामहरूको बारेमा प्रष्ट रूपमा यहाँ आएको नै छ । त्यसकारण यी सबै कुराहरूलाई हेऱ्यो भने हामीले यो नीति तथा कार्यक्रमले जसरी सबै क्षेत्रलाई समेटेको छ । या हामीले हाम्रा आधारहरू जस्तो हामीले अहिले कृषिमा धेरै जोड दिएको जस्तो देखिएको छ । कृषिलाई या उत्पादनलाई या रोजगारलाई जनस्वास्थ्यको कुरा छदैछ स्वास्थ्य शिक्षाको कुरा शिक्षाको कुरामा पनि मैले के देख्दछु भने शिक्षाको धेरै कामहरू प्रदेश सरकारको कार्यभित्र पर्दैनन् यद्यपि तैपनि शिक्षा क्षेत्रलाई कसरी प्रदेशभित्र त्यसलाई राम्रो बनाउन सकिन्छ भन्ने कुरा यसले भनेको छ । चाहे त्यो मेडिकल कलेज खोल्ने कुरा होस्, सूचना प्रविधिको कुरा शुरु गर्ने कुरा होस् । या यहाँ अर्को सामान्य हेर्दा सामान्य लाग्ने तर ठूलो महत्वको अर्को कुरा के छ भने जसले यस्ता खालका एम.बि.बि.एस् लगायतका प्राविधिक शिक्षाहरूमा स्कलरसीपमा नाम निकालेका छन् तर उनीहरू दैनिक खर्चबाट पढ्न बञ्चित छन् भने त्यसलाई व्यवस्था गर्ने भन्ने कुराहरू यस्ता धेरै कुराहरू यसले गर्न खोजेको छ । तर म २ वटा कुरा मात्रै यो यति सबै कुराको बीचबाट आज जे कुरा हामी समीक्षा गरिरहेका छौं त्यो समीक्षा भनेको के हो ? भने हामीले व्यवस्था परिवर्तन गऱ्यौ । यी सबै कुराहरू गऱ्यौं तर हामीले हाम्रा कार्यशैलीहरूमा किन परिवर्तन गर्न सकिराखेको छैनौं भन्ने कुरा चाहिँ मेजर कुरा हो ।

हामीले हाम्रा कार्यशैलीहरूमा परिवर्तन गर्न सकिराखेका छैनौं । हाम्रा काम गर्ने कार्यशैलीलाई परिवर्तन गरी काम गर्ननसक्दा यी कुराहरू कार्यान्वयन भएर अगाडि बढ्न नसक्दा जे लक्ष्य आज प्रदेश सरकारले लिएको छ या हामी सबैले प्रदेशको नारा सुनीरहेका छौं त्यो कुरा प्राप्त हुन सक्दछ । धन्यवाद !

**माननीय सदस्य श्री ओमकला गौतमलाई छलफलमा भाग लिन समय दिन्छु ।**

**माननीय सभामुख महोदय**, यो नीति तथा कार्यक्रम भनेको माकुराको जालो जस्तै भ्याप्प हेर्दा पुरानै पूरै ढाकेको जस्तो न त यसले घाम नै छेक्न सक्छ न त यसले पानी नै । न त यसले रोगलाई नै नियन्त्रण गर्न सक्छ न त यसले भोको पेटलाई भर्न सक्छ सभामुख महोदय । हाम्ले पनि गाईलाई घाँस र बाघलाई मासु नै दिन भनेको हो । रोगीलाई उपचार भोको पेटलाई खाना दिनै भनेको हो । न त हामीले गाईलाई मासु भनेका छौं सभामुख महोदय, न त हामीले बाघलाई घाँसै दिने भनेका छौं ।

सभामुख महोदय, गण्डकी प्रदेश सरकारद्वारा निर्मित माननीय प्रदेश प्रमुखद्वारा प्रस्तुत आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रममा आफ्नो केही भनाई राख्न अनुमति चाहन्छु । सभामुख महोदय, आज विश्वव्यापी रूपमा फैलिरहेको कोभिड-१९ कोरना नामको भाइरसले मुलुकको अर्थतन्त्र र मुलुकबासीलाई नै तहसनहस बनाएको अवस्था छ । यस विशम परिस्थितिमा ल्याइएको नीति तथा कार्यक्रम जनताको भावना चाहे त्यो इच्छा, चाहना र वर्तमान परिस्थितिको अवस्था आवश्यकता विपरित छ । यो २४ पानामा ४८ पेजमा रङ्गिन कभरले छोपिएर ल्याएको नीति तथा कार्यक्रम केवल ल्याउनका नाममा मात्रै त होइन ? भन्ने प्रश्नको जवाफ चाहियो सभामुख महोदय । यस सरकारलाई म प्रश्न गर्न चाहन्छु । पुरानै नीति तथा कार्यक्रम अझ पुराना श्लोगनलाईसमेत अहिले ल्याउने आट नगरेर यो पेश मात्र गरिएको कार्यक्रम किन खर्च गरेर निर्माण गर्नु पर्ने यसैलाई कपि गरेर प्रस्तुत गरेको भए पनि हुन्थ्यो सभामुख महोदय । यस्तो सस्तो लोकप्रियताले, सस्तो अभिव्यक्तिले जनताको रोग र भोक टर्दैन जनताको रोग टर्न उपचार नै चाहिन्छ, भोक टर्न भरी भेट नै खानुपर्छ ।

सभामुख महोदय, यो महामारी शंकटको बेलामा ११ वटा गाडी खरिद गर्ने कुरा आएको छ । अचम्मको कुरो यहाँ जनताले परीक्षण गर्न नपाएर मर्न लागेका छन् सभामुख महोदय, ११ वटा गाडी किन्ने पैसाले १६ वटा पिसिआर मेसिन किनेर जनताको परीक्षण गर्न अगाडि बढाए हुँदैन सभामुख महोदय ? यतातिर सरकारले सोच्ने कि नसोच्ने ? म यहाँ प्रश्न गर्न चाहन्छु । सरकारले कोरोना नियन्त्रण र उपचारकोमा ठोस नीति के ल्यायो ? सरकारले

तयारी नै खै के गरेको छ ? खाली भगवान्लाई सम्झेर हुन्छ ? अव्यवस्थित क्वारेन्टाइन्ड कोरोना उत्पादन गर्ने फ्याक्ट्रीको रूपमा परिणत हुँदै छ । ५० औं जनालाई एउटै क्वारेन्टाइन्डमा राखिएको छ तर त्यहाँ हप्तौं दिनसम्म पनि परीक्षण गरिएको छैन । मानौं एक जनालाई संक्रमण रहेछ भने ४९ जनालाई संक्रमण फैलिने अवस्था छ आइस्यूलेसन र स्वास्थ्य सामग्रीको उपचार नपाइकन संक्रमणको ज्यान जाने सम्भावनालाई रोक्ने यो संक्रमणलाई रोक्ने सरकारको ठोस कार्य के हो ? त्यसैले नीति तथा कार्यक्रममा छुटेता पनि यो सरकारले अब यो आर्थिक वर्षको बजेट विनियोजित गर्दा यो नीति तथा कार्यक्रमलाई सुधार गरेर बजेटमा यो स्वस्थ्य नियन्त्रण यो महामारीलाई नियन्त्रण गर्न ठोस कार्यक्रम ल्याउन म सम्माननीय सरकार सभामुख मार्फत सरकारको ध्यान आकर्षण गराउन चाहन्छु र म आग्रह समेत गर्न चाहन्छु ।

सभामुख महोदय, प्रत्येक जिल्लामा एउटा कोरोना हस्पिटलको व्यवस्था गर्नुपर्ने छ यहाँ र आइस्यूलेसन छैन, व्यवस्थित क्वारेन्टाइन्ड छैन । बाहिरबाट आएका नागरिकहरूको तुरुन्त पिसिआर परीक्षण गर्नुपर्नेमा हप्तौं दिनसम्म पिसिआर गरिदैन त्यहाँबाट भयावह स्थिति पैदा भएको अवस्था छ सभामुख महोदय । विदेशमा गएका युवा श्रम गर्न गएका हुन् । कसैको गुलामीका लागि होइन सभामुख महोदय । उनीहरूले परिवारलाई र आफन्त पालेका छन् । उनैका पसिनाले आएका रेमिट्यान्सले देश चलेको छ सभामुख महोदय । युवाहरूलाई नेपालमा आएपछि रोजगारीको ग्यारेन्टी खोई कहाँनेर खोलेको छ ? रोजगारीको कुरा किसानलाई जोगाउने विशेष राहतको विषय खोई ? समृद्ध नेपाल सुखी नेपालीको नारा नारा दिएको बेला हजारौं युवाहरूको रोजगारी गुमेको छ । लाखौं नेपालीमा फर्किदै गर्दा उनीहरूको रोजगारीको व्यवस्था, मुलुकको अर्थतन्त्रको निकास, कृषि उद्यमशीलता र उद्योगी व्यवसायको संरक्षण आजको आवश्यकता हो । सभामुख महोदय । यस विषयमा सरकारले स्पष्ट नीति खै ? बैंकको व्याज र किस्ताले उद्योमीहरू चिन्तामा छन् । यस्तो स्थितिमा पुगेका छन् कि उनीहरूलाई बचाउने सरकारको जिम्मेबारी खोइ? हो कि होइन ? यस्तो विषयमा ठोस नीति खोइ ? हिजो प्रदेश सरकारको समृद्धिको मुख्य आधार पहिले पर्यटन, दोस्रो कृषि र उद्योग जलविद्युतको प्राथमिकता भनेर लगानीकर्तालाई हौस्याउने काम मात्रै गऱ्यो । राम्रो कुरा थियो त्यो हौस्याउने कार्य यदि यथार्थमा कार्यन्वयन हुन सकेको भए । राम्रो कुरा थियो । आज ती लगानी कर्ताको सुरक्षा गर्नुपर्ने सरकारको दायित्व हो कि होइन ? सभामुख महोदय, म प्रश्न गर्न चाहन्छु माननीय सभामुखमार्फत् यस सरकारलाई तसर्थ प्रदेश सरकारले कोरोनाका कारण भएका समस्या र चुनौती र सरकारले खेल्नुपर्ने भूमिकाका विषयमा राहत ठोस प्याकेज समावेश गरिनु पर्दैन र ?

सभामुख महोदय, मुख्यमन्त्री जलवायुमैत्री नमुना गाउँ छनोट प्रक्रिया के हो ? प्रत्यक्ष सांसदले मात्र छनोट गर्नुपर्ने हो कि ? मुख्यमन्त्री आफैले छनोट गर्ने हो कि ? के समानुपातिक सांसदले छनोट प्रक्रियामा सहभागी हुन हुँदैन र ? मेरो प्रश्न छ माननीय सभामुख महोदय । लोकतन्त्र र समावेशी झल्कायो त यसले ? त्यसैले यो कार्यक्रमको औचित्य हिन भएको यहाँ मैले सभा सामक्षे अनुरोध गर्नु चाहन्छु ।

सभामुख महोदय कृषिमा अनुदान दिने काम यो भ्रष्ट कार्यक्रम हो, म यसलाई प्रमाणसहित दिन चाहेमा म यसलाई दिन पनि चाहन्छु । यो भ्रष्ट कार्यक्रम खारेज गरियोस् । किसानलाई प्रोत्साहन गर्न सहुलियत व्याजदरमा ऋण मिलाउने व्यवस्था गरियोस् म यो सरकार समक्ष माग गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम परिमार्जितसहित निरन्तरता भनेको के हो ? अझै बढी झगडा बनाउने बाटो त होइन ? यस्तो कार्यविधि बनाउँदा नै समान हैसियतसहितको समान काम गर्ने गरी परिमार्जित गरियोस् । होइन भने यो महामारीको बेलामा यो निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम पनि कोरोना कोषमा राखेर अहिले जनता बचाउन लागियोस् । विकासको क्षेत्रमा लागियोस् सभामुख महोदय । आधा धर्ती, आधा आकाश ओगटेका महिला जगत्को विषयमा ठोस नीति तथा कार्यक्रम खोई ? सशक्तिकरण, लैङ्गिकसमानता मात्र भनेर पुग्छ ? महिलाका लागि आर्थिक रूपमा सम्पन्न रूपमा शसक्त लैङ्गिक रूपमा विवेदको अन्त्य गरी रोजगारीको ग्यारेन्टी गर्ने ठोस नीति खोई ? २१ औं शताब्दीको पेरिफेरिमा पनि अझै ज्याला मजदुरी गर्ने महिलाहरूको समान कामको समान ज्याला छैन त्यसैले पनि महिलालाई सवलीकरण र सशक्तिकरण गर्न जरुरी छ र आर्थिक रूपमा सम्पन्नताको आर्थिक आयोजना गर्ने कार्यक्रम ल्याउन जरुरी छ । यो ठोस रूपमा ल्याइयोस् मैले माननीय सभामुखमार्फत सरकारको ध्यान आकर्षणमात्र होइन माग समेत गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, स्वास्थ्य क्षेत्रमा महिलाहरूको गम्भिर अवस्था छ, साथै स्वास्थ्य क्षेत्रमा महिलाहरूले थप चुनौती सामना गर्नुपर्ने देखिन्छ । लकडाउन र त्रासका कारण स्वास्थ्यमा सीमित पहुँच हुनु, यातायात साधनको समयमा स्वास्थ संस्थामा पुग्न नसक्नु आर्थिक विपन्नताका कारण पोषणयुक्त खाना खान नपाउनु, परिवार नियोजनका साधन लगायतका साधनको नियमित उपयुक्तता नहुनु, नियमित जाँच गर्न नसक्नु यदि यी आदि कारणले गर्दा मातृदर, बालमृत्युदर बढ्न सक्ने सम्भावना देखिन्छ । साथै असुरक्षित गर्भपतन, डिप्रेशन लगायत एच्.आई.भी. एड्स जस्ता सरुवा रोगबाट उत्तिकै भयावह स्थिति आउन सक्ने यी सबै रोगका समस्याका कारणले गर्दा स्वास्थ्य क्षेत्रमा महिलाहरूलाई प्राथमिकता दिई यथेष्ट अब आउने बजेटमा महिलालाई लक्षित गरी यथेष्ट रूपमा पुग्ने गरी

महिलाको स्वास्थ्य क्षेत्रमा र बाल मृत्युदर र महिला मृत्युदर घटाउने गरी बजेटको व्यवस्थापन गरियोस् भन्नेसमेत मैले आग्रह गर्न चाहन्छु र माग गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, नवलपुर जिल्लाबासीले अझै पनि गण्डकी प्रदेशको राजधानी पोखरा हो भनेर गौरव गर्न नसकिरहेको अवस्थामा यसका केही कारणहरू छन् :

पहिलो : सडक सञ्जाल प्रदेश सरकारको कार्यक्रम सञ्चालन गर्ने कार्यालयहरूको विस्तार हुन नसक्नु र यस विशम परिस्थिति प्रदेश सरकारले गतिविधिलाई जनतासम्म पुऱ्याउने सञ्चार गृहलाई प्रोत्साहन गर्न नसक्नु, त्रिवेणी दुम्कीबासमा सडक विस्तार हुन नसक्नु यो दुर्भाग्यपूर्ण कुरा हो सभामुख महोदय । त्यसैले नवलपुर जिल्लाबासीले गण्डकी प्रदेश सरकारलाई मेरो सरकार भनेर भन्ने आधार के ? थारु, बोटे, माझी, मुसियार जस्ता विभिन्न अल्पसंख्येक बसोबास गरेको नवलपुर जिल्ला कान्छो जिल्ला र यसलाई अलि विशेष यो बजेट व्यवस्था गर्नु पर्ने हो । यो नीति तथा कार्यक्रम आउन पर्ने हो खै यो खासै नवलपुर जिल्लालाई एउटा आफ्नो स्वार्थमा सरकारको स्वार्थमा ती २ वटा वडालाई भन्सारको नाकाको रूपमा लिएर मात्रै प्रयोग गर्ने हो ? सभामुख महोदय । किन त्यो नवलपुरका जनताहरूलाई बचाउने र त्यो जनताहरूको लागि विकासको काम गर्ने त्यो जनताहरूका निम्ति ठोस कार्यक्रम यो नीति तथा कार्यक्रममा नवलपुरको विषयमा बोल्नु पर्छ कि पर्दैन ? सभामुख महोदय, मैले यो आग्रह गर्न चाहन्छु । जहाँ अव्यवस्थित बसोबास गरेका मान्छेहरूको विषयमा पनि लालपुर्जा दिने ग्यारेन्टी खासै सरकारले गरेको मैले देख्दिनँ । वर्षौं पिच्छे कार्यक्रममा आउँदा भूमिहिनलाई भूमि दिने भन्ने मात्रै नीति तथा कार्यक्रममा आउँने केहिपनि नहुने अहिले कोरोना नियन्त्रण गर्ने ठाउँमा एउटा केन्द्रमा सुकुम्बासी समस्या आयो अर्थात् नाम फेरेर पहिलोको स्वभाव यो भूमि आयोग आयो जे भनेर गठन गरे पनि त्यो एउटा कार्यकर्तालाई राजनीति भर्ति केन्द्रको रूपमा प्रयोग गरियो । आजै तीन महिनासम्म पनि त्यो भत्ता दिन नपरेको भए आज कोरोना टेष्ट गर्नलाई त्यहाँ मद्दत पुग्थ्यो होला । त्यो मात्रै होइन आज चाहिँ राजनीति नियुक्ती गरेर मात्रै सरकार पछि हट्नु हुँदैन । जनतालाई राहत दिनु पर्छ आज जनताले पहिलो चरणमा कनिका छरे झैं केही राहत दिइयो दोस्रो चरणमा गएको छैन । आज चाहिँ जनता भोकभोकै मर्ने अवस्था छ । सभामुख महोदय, यसमा सरकारले खै सोचेको यो आत्मनिर्माण गराउने खालको कार्यक्रम ल्याएको खोइ ? माननीय सभामुख महोदय म यो प्रश्न गर्न चाहन्छु ।

मलाई एउटा कुरा भन्न याद आयो त्यो नीति तथा कार्यक्रममा प्रतिपक्षले गरेको विषयमा धन्यवाद समेत पनि दिन सकेन प्रतिपक्षले दिएका सुझाव केही आए कुनै कार्यान्वयन पनि हुन सकेनन् सभामुख महोदय, यो प्रचलन नै त्यही हो कि यो सरकारको भन्ने पनि मलाई लाग्छ । केन्द्रमा पनि २ तिहाईको सरकार प्रदेशमा पनि २ तिहाईको सरकार हिजो नयाँ

नक्सा जारी गर्दा र सीमा मिच्दा विवादको विषयमा राष्ट्रियताको सवालमा नेपाली काँग्रेस जहिले पनि सत्ता पक्षलाई सघाउन तयार छ किनभने साझा इसु हो र त्यो इसुमा नेपाली काँग्रेस जहिले पनि साथमा छु भनेर हिजो केन्द्रमा पनि बोलेको थियो । हामी पनि त्यो साथमा थियौं तर आफैले के कुरा मिलेन र कार्यसूचीबाट हटाइयो दोष के लगाइयो भने सभामुख महोदय, नेपाली काँग्रेसको कारणले यो कार्यसूचीबाट हटाइयो भनेर लाइयो र नेपाली काँग्रेसले पनि त्यो कुरालाई चिन्न केन्द्रिय सभाको बैठक बसी पक्षमा मतदान गर्ने निर्णय गरेपछि बल्ल म स्वागत गर्न चाहन्छु सरकारलाई संविधानसभाको प्रस्ताव १८ गते मात्रै दर्ता भएको छ । त्यसैले के चाहिँ आज चाहिँ प्रतिपक्षले गरेका कुरालाई धन्यवाद पनि दिन नसक्ने, सम्बोधन गर्नु पर्ने हो कि होइन ? किन राष्ट्रिय इसुमा नेपाल र नेपालीको ज्यान बचाउने इसुमा राष्ट्रियताको सबालमा कहिले विरोध गरेको छ ? कहिले छ ? सकारात्मक सोचका साथ गुण र दोषको आधारमा नेपाली काँग्रेसले समर्थन र विरोध गर्छ भन्दै समय दिनु भएकोमा धन्यवाद दिँदै मेरा भनाइहरू यही अन्त्य गर्न अनुमति चाहन्छु, धन्यवाद । जय नेपाल ! जय प्रदेश !

**माननीय सदस्य श्री मनबहादुर गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।**

**माननीय सभामुख महोदय**, हामी नीति तथा कार्यक्रमको बफादार छलफलमा छौं । माननीय सभामुख महोदय, मैले कसैको उत्तराधिकार खोसेको पनि होइन । कसैप्रति लच्छित बन्न खोजेको पनि होइन । कोरोना भाइरस कोभिड-१९ को रोगथाम र नियन्त्रणको लागि स्रोत र साधन सम्पन्न भएको नै छ । ठूलाठूला महाराष्ट्र आज उहाँहरू पनि कोरोना भाइरससँग हाम्मेहाम्मे परिरहेको छ । हाम्रो देश सीमित स्रोत र साधन भएको देश यो सरकारको मेहेनत, यो सरकारको कोसिस्, यो सरकारको अथक प्रयासले आज हामी विश्वको तुलनामा कमै मात्रै संक्रमितको दर बन्न सफल भएको छ । मैले किन यो भन्न खोजेको हो भने आजभन्दा ४ महिना अगाडि चिनको उहान प्रान्तबाट नेपाली विद्यार्थीहरू ल्याउने क्रममा एक जना विद्यार्थीसँग कोरोना संक्रमित भएको टेष्ट हङ्कङबाट टेष्ट गरेर ल्याउनु परेको हामी सबैलाई जनजायरै छ । त्यसकारणले हिजो धेरै भएको हिजो धेरै ठाउँमा धेरै कुराहरू राखिएको कि पिसिआर, आरडिटि, ल्याप आज सरकारले केही नगरेको भन्ने होइन । आज सातैवटा ल्यापको व्यवस्था गरिएको छ, पिसिआरको व्यवस्था गरेको छ, आरडिटिको व्यवस्था गरेको छ, किटको व्यवस्था गरेको छ । त्यसकारण यो सरकारलाई धेरैधेरै धन्यवाद दिनुपर्छ सभामुख महोदय । अब म यो विनियोजित विधेयक २०७७ को प्राथमिकता र डेट यो नीति तथा कार्यक्रम आएको छ । दृष्टिकोणको हिसाबले, योजनाको हिसाबले म सधैसधैं यो सरकारलाई धेरैधेरै धन्यवाद दिन चाहन्छु । मलाई विश्वास छ अरु

सरकारको भन्दा सिद्धान्तको कुरामा, प्राथमिकता तोक्ने कुरामा, नीति बनाउने कुरामा, कार्यन्वयन बनाउने कुरामा, योजना बनाउने कुरामा अग्रपंक्तिमा यो सरकार छ भन्ने मलाई लाग्दछ । त्यसकारण मलाई यो सरकारप्रति गर्व छु । सभामुख महोदय, यो सरकारले एउटा प्रतिवद्धता जाहेर गरेको छ । ठोस रूप लिएको छ । प्रदेशबासीको जीवन रक्षा गर्ने, शिथिल भएको अर्थतन्त्रलाई चलायमान बनाउने, मूल लक्ष्यका साथ यो नीति तथा कार्यक्रम अगाडि बढेको छ सभामुख महोदय, कोरोना भाइरस कोभिड-१९ रोकथामको लागि अथाह प्रयास गरी रहनुहुने सम्पूर्णलाई उच्च मनोबलका साथ काम गर्ने एउटा प्रेरणा मिलेको छ सभामुख महोदय यो नीति तथा कार्यक्रमले । त्यसकारण म यो सरकारलाई धेरैधेरै धन्यवाद दिन चाहन्छु । गैह आवासीय नेपालीलाई प्रदेशमा नागरिक मैत्री बनाउने वातावरण बनाएको छ सभामुख महोदय । विदेशी तथा मित्रराष्ट्रहरूसँग मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने वातावरण बनाएको छ । सभामुख महोदय । विधिको शासनमा विश्वास गरेको छ । पारदर्शी, जवाफदेही, उत्तरदायी, परिणाममुखी नागरिक मैत्री शासन व्यवस्था कायम गर्न यो नीति तथा कार्यक्रम आएको छ सभामुख महोदय । समृद्ध प्रदेश, सुखी नागरिकको संकल्प यो प्रदेशको नारा हो सभामुख महोदय । स्वास्थ प्रणालीको सुधार, निःशुल्क उपचार, सिमान्तकृत वर्गको संरक्षण, शिक्षा, कृषि, पर्यटन, उद्योग, सीपमूलक तालिमको व्यवस्था गरी रोजगारीका आवश्यकता सिर्जना गरी समाजवाद उन्मुख नीति तथा कार्यक्रमले ल्याएको छ सभामुख महोदय । त्यति मात्र त कहाँ हो र ? सभामुख महोदय । पञ्चवर्षीय योजना तर्जुमा गरी दीगो विकासको १७ वटा लक्ष्य, ६९ वटा सहायक लक्ष्यलाई आधार मानी सबल समृद्धि प्रदेश बनाई वि.सं. २०९९ सालमा उच्च आय हासिल गर्न राष्ट्रिय लक्ष्य हासिल गर्न प्रदेशका वीर संकल्पीत योजना गरी यो नीति तथा कार्यक्रम आएको छ । सभामुख महोदय । यो हामीले सजिलो छैन  यो प्रतिबद्धताका साथ आएको छ । २०९९ सालमा उच्च आय बनाउने कुरा जोक होइन सभामुख महोदय । यो महत्वाकांक्षी योजना होला हामीले सहयोग गऱ्यौं भने साच्चीकै रूपमा हुन नसक्ने के छ र सभामुख महोदय । उदाहरणको लागि पोखरा रंगशाला हाम्रो अगाडि जनजाहेरै छ । यो सरकारले नै चाहेको हुनाले नै सक्या हो सभामुख महोदय । त्यसकारण म यो सरकारलाई धेरैधेरै धन्यवाद दिन चाहन्छु । प्रदेश सरकारले पोखरालाई पर्यटकको राजधानीमा पर्यटकीय हक बनाउने नीति तथा कार्यक्रम बनाएको छ सभामुख महोदय । त्यसकारण म यो सरकारलाई धेरैधेरै धन्यवाद दिन चाहन्छु । यो नीति तथा कार्यक्रम मेरो पूर्ण समर्थन छ सभामुख महोदय । यति हुँदाहुँदै पनि सभामुख मार्फत प्रदेश सरकारलाई केही सकारात्मक सुझावहरू छन् । यो नीति तथा कार्यक्रममा समावेश गऱ्यो भने अझै सुनमा सुगन्ध थपिन्थ्यो कि सभामुख महोदय । म मेरा केही सुझावहरू राख्ने यहाँ अनुमति चाहन्छु सभामुख महोदय :

गण्डकी प्रदेश भित्रको अव्यवस्थित बसोबास गरी आएकोहरूलाई उचित क्षेत्रमा आवासको व्यवस्था गरी सफा सुन्दर र हरियाली शहर गृनसिटी बनाउनतिर यो समावेश गरे हुन्थ्यो सभामुख महोदय । त्यतिमात्र होइन सभामुख महोदय, गण्डकी प्रदेशको राजधानी क्षेत्रभित्र रहेको विजुलीको तार, केवल तार संघ र स्थानीय सरकारसँग समन्वय गरी अन्डर ग्राउन बनाइदिए हुन्थ्यो सभामुख महोदय । त्यतिमात्र होइन सभामुख महोदय, लच्छित वर्गलाई राहत दिने उद्देश्यका साथ पानी, बत्ति, बिजुलीमा निश्चित वितरण गर्न पाए हुन्थ्यो सभामुख महोदय । घट्दो इन्टरनेट सेवा पुगेको कारण प्रदेश राजधानीभित्र फ्रि वाइफाइ जडान बनाउन सके हुन्थ्यो सभामुख महोदय । प्रदेश राजनीतिभित्र सस्तो खानेपानी वितरण प्रणाली यथाशैय सुधार गरी स्थानीय र संघसँग समन्वय गरी यो नीति तथा कार्यक्रम आए हुन्थ्यो सभामुख महोदय । त्यति मात्र होइन सभामुख महोदय, पोखराको बीच भागमा बगेको सेतीनदी पर्यटकीय हिसाबले एउटा अत्यन्तै महत्वपूर्ण स्थल रामघाट, यो रामघाटलाई संरक्षण गर्दै तारको रूपमा विकास गर्न पाए हुन्थ्यो सभामुख महोदय । त्यतिमात्रै होइन आज शान्तिको प्रतिक गौतम बुद्ध बुद्धको मुर्ति यही पोखराको राजधानी काहुँ डाँडामा स्थापना गर्ने कुरा चर्चामा आएको छ वा आइसकेको छ । प्रदेशले पनि केही लगानी गरिसकेको छ । ८० मिटर उचाइ रहेको गौतम बुद्ध गुम्बाको मुर्ति यो प्रदेशले गौरवको योजना २ वर्षमा सम्पन्न गरी यो कार्यक्रममा समावेश गरे हुन्थ्यो सभामुख महोदय । त्यति मात्र होइन यो बढ्दो सहरी यातायातको चापलाई ध्यानमा मध्यनजर गरी पोखराको ७/८ वटा चोकमा आकासीय पुलको निर्माण गरी प्रदेश सरकार यहाँ छ प्रदेश सरकारको राजधानी यहाँ छ भन्ने कुरा जनतालाई महशुस हुन्थ्यो कि सभामुख महोदय । त्यसकारण मैले यी सुझावहरू राख्दै फेरि पुन म यो सरकारलाई धेरैधेरै धन्यवाद दिन चाहन्छु । बदाइ दिन चाहन्छु । विकास अत्यन्तै द्रुत गतिका साथ अगाडि बढेको छ । साँच्चीकै रूपमा यो आत्मलाई साची राखेर भन्नुपर्दा २/३ महिना कोरोना भाइरसको कारणले, लकडाउनको कारणले मात्र हो होइन भने नेपाली जनता यो सरकारले यो संघीयताले तपाईंको चाहिँ आधा विकासको मुल ढोका खोलेको हो भन्ने कुरामा तपाईंहरूको कुनै दुई मत थिएन । त्यसकारण म धेरै कुराहरू राखिराख्नु भन्दा यी सबै कुराहरूलाई मध्ये नजर गर्दै मैले अघिनै पनि यो सिद्धान्त र प्राथमिकताको बेला भनेको थिएँ । साढे २ वर्ष प्रदेश स्थापना भएको छ । साढे २ वर्ष बाँकी भएको बेला प्रदेश सरकारले राजधानीमा उभ्याउनु भएको १, २, ३, ४, ५ तरिकाले गन्न सक्ने प्रदेशहरूको योजना सम्पन्न गराउने कुरामा म प्रदेश सभामुख मार्फत प्रदेश सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद !

माननीय सदस्य श्री खिम विक्रम साहीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सभामुख महोदय,** यही महिनाको १८ गते माननीय प्रदेश प्रमुखद्वारा २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत भएको थियो । त्यसमा हामी छलफल गरिरहेका छौं । सर्वप्रथम यो कोभिड-१९ ले हालकाल पारेको अवस्थामा हाम्रो गण्डकी प्रदेश सरकारले बलबुद्धाले भ्याएसम्म जुन कार्य अगाडि बढाएको छ । राम्रोलाई राम्रो भन्नुपर्छ राम्रो छ । यहाँ अलिकति त्यसमा पनि छुटेको कुरा के छ भने मलाई लागेको जिल्लाको सिडियोहरूलाई जिम्मा दिएर मात्रै पुग्थेन, त्यो उसको साथसाथै सरकारको उपस्थिति पालिका स्तरमा पनि हुन पर्थ्यो । अब हुन जरुरी छ । यो नीति तथा कार्यक्रममा विषयवस्तुहरू धेरै आएका छन् । सुन्दा र पढ्दा राम्रा पनि छन् लेख्दैमा राम्रा हुँदैनन् । सुन्दैमा राम्रो लाग्दैमा राम्रो हुने पनि होइन । हिजो पञ्चहरूले पनि अत्यन्तै राम्रो लेख्थे । माटो सुहाउँदो भनेर ब्रिफिङ गर्थे । हिजोका यो सरकार भन्दा अघिल्लो सरकारले पनि राम्राराम्रा कुराहरू लेखेका थिए । ती कुराहरूलाई परिपालन गर्नको लागि व्यवहारमा ढाल्नको लागि सरकारमा बसेकार सरकार, सरकारमा बसेका मन्त्रीज्यूहरू अनि सांसदहरू सबैले सबैको आचरण(चरित्र)मा र आनीबानीमा परिवर्तन हुन जरुरी छ । यदि यो हुन सकेन भने लेखेर मात्रै पूरा हुन सक्दैन । व्यवस्था परिवर्तन भएर के काम हामी परिवर्तन हुनु पर्‍यो नी आनीबानी, चालचलन परिवर्तन हुनु पर्‍यो नी । परिवर्तन हुन जरुरी छ हामीले अर्को कुरा यो व्यवस्था नेपालको परिवेश अनुरूप नभएको कारणले पनि सजिलै सुधार गर्न सजिलो छैन । अब मैले हाम्रा म भन्दा अगाडि धेरै माननीयहरूज्यूले आफ्ना भनाइहरू राखि सक्नु भएको छ । यसलाई सकेसम्म नहडबडाउने गरी कन र मेरा सुझावहरू राख्न चाहन्छु । ती सुझावहरूलाई प्राथमिकताको आधारमा सरकारले सुधार गरिदिनुहुन म अनुरोध गर्दै मेरो सुझावहरू विस्तार गर्न चाहन्छु । सर्वप्रथम ज्ञात अज्ञात सहित लगायत स्व.माननीय टेकबहादुर घर्ती मगरज्यूलाई म नमन गर्न चाहन्छु । सम्झन चाहन्छु । उहाँको आफ्नो कार्यकाल नसकिँदै अल्पआयुमा वित्नु भयो र सर्वप्रथम म यो सरकारलाई उहाँको सम्झनामा उहाँको क्षेत्रमा आफ्नो क्षेत्र नं. २ 'ख' मा स्मारिका पार्क कोष स्थापना गर्नको लागि विनियोजित गर्ने गरी कन यो नीति तथा कार्यक्रममा समावेश गरियोस् भन्न चाहन्छु । फेरि उहाँले विकासको मूल फुट्यो भन्ने क्रममा उहाँले ढोरपाटन छुट्यो भन्नुहुन्थ्यो रे । हजुरहरूलाई जानकारी होला थाहा होला भन्नु भाथ्यो रे हामी सुन्थ्यौं । अहिले पनि ढोरपाटन छुटेजस्तो महशुस हुन्छ । त्यो ढोरपाटन त्यो हाम्रो क्षेत्र गुल्मी, प्यूठान, रोल्पा, रुकुम, म्याग्दी लगायतका ५/६ वटा जिल्लाले छोएको हो । त्यो पर्यटकीय क्षेत्रको विकास गर्नको लागि ती सबै जिल्लाबाट त्यो ढोरपाटनमा पुग्ने गरी जुन सडकहरू विस्तार गरिएको छ त्यसलाई निरन्तरता दिइयोस् र नयाँ सबै क्षेत्रबाट या आउने जाने गरी नयाँ ट्याकहरू विस्तार गरियोस् । र त्यहाँ भएको जलाशययुक्त हाड्रोपावरको पनि यहाँ लेखिएन त्यसैले

त्यसलाई पनि त्यहाँ समावेश गरियोस् म भन्न चाहन्छु हाम्रो त्यो क्षेत्र बाग्लुजिल्लाको सदरमुकाम देखि करिब १५० मिटर टाढाको दुरीमा छ । त्यहाँ मैले नाम भनिहाले ५ नं. प्रदेशले पनि छोएको क्षेत्र हो । त्यसैले ती प्रदेशहरूबाट आउनको लागि सदन सञ्जाल विस्तार गर्न जरुरी छ । त्यहाँ एउटा मात्र क्याम्पस छ निस्सीभुजी क्याम्पस त्यसलाईलाई आर्थिक, नैतिक, भौतिक रूपमा सहयोग गर्ने गरीकन समावेश गरियोस् । र यो त्यहाँ भएको प्रतिवान प्राथमिक स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र त्यसलाई विस्तार गरियोस् । र अर्को कुरा त्यही क्षेत्रमा एउटा वडाबाट आफ्नो वडामा जानको लागि पूरा १ दिन हिँड्नुपर्छ । मोटर बाटो गइसकेको छैन । भिसीखोलाको वडा नं. ५ देखि आफ्नो वडा कुडेढोर भन्ने ठाउँमा जान पूरै १ दिन लाग्छ । ढोरपाटनको ६ बाट छ्यान्टुङ भन्ने ठाउँमा जान पूरा १ दिन लाग्छ । त्यसैले त्यसलाई पनि मध्येनजर गरेर त्यहाँ बत्ति पनि छैन । विजुली छैन, टावर छैन, टेलिफोनबाट बञ्चित छ त्यसैले टावरको व्यवस्था गरियोस् । र अन्यको व्यवस्था गरियोस् । अर्को कुरा हामीले हाम्रो सरकारले १ पालिका १ खेलमैदान भनेर भनेको छ रफ्तारमा अगाडि बढिरहेको छ । र त्यतिमात्रै नभएर त्यो खेल मैदानमा एउटा सामुदायक भवन अथवा खेलकुद भवन पनि छ चर्पीसहितको खानेपानीको बनाउन जरुरी छ त्यो पनि यहाँहरूले बनाउन अनुरोध गर्छु । प्रत्येक पालिकामा कबरहरूको व्यवस्था गर्न जरुरी छ त्यो पनि छुट्यो कि जस्तो मलाई लाग्छ । र प्रदेशको केन्द्रबाट र जिल्लाको केन्द्रबाट प्रतिनिधि पालिकामा मोटरबाटोहरूको सञ्जालले जोडिने भनेर जुन योजनाका साथले अगाडि आएको छ । मलाई लाग्छ मोटरबाटोसँग पुलहरू पनि जोडेको हुन्छ होला पक्कै पनि मैले नबुझेको पनि हुन सक्छु । हाम्रो प्रदेशको बाग्लुङ क्षेत्र नं. २ केन्द्र बुर्तिवाङबाट तमाङखोला जानको लागि एउटा मात्र पुल बाँकी छ अब त्यो पुल बाँकी बनाउन सकियो भने हामी तमाङखोला बुर्तिवाङसम्म जोडिन्छौ र निश्चित खोला र ढोरपाटन पनि जोडिने माध्यम बन्दछ त्यस्तै गरेर हामी मान्छेहरू मृत्यु हुँदा दाहसंस्कार गरी राख्ने ठाउँहरू मुर्दाघाट भनौं, मसानघाट भनौं, के भनेर त्यसलाई सम्बोधन गर्न सकिन्छ, के भनेर बुझ्न सकिन्छ ? त्यसको पनि व्यवस्थापन गर्न जरुरी छ । त्यसकारण यो पनि छुटेछकी भन्ने मलाई लाग्छ । त्यति मात्रै नभएर लामो दुरीको मोटर बाटोमा मोटरबाटोको बीचबीचमा शौचालयको व्यवस्था पनि गरिनु पर्छ कि ? सार्वजनिक शौचालयहरूको व्यवस्था गरिनु पर्छ भन्ने हामीलाई लाग्छ । अर्को कुरा वर्षौं वर्षौंको बाढी पहिरोले विभिन्न बस्तीहरू बगाएर लगेर विस्तापित भएका छन् । हाम्रो प्रदेशका अरु ठाउँहरूमा पनि भएका होलान् । हाम्रो निर्सिखोलाको वडा नं. १ मा गुल्दीगाउँ मैले पहिला पनि बोल्याथें । ढोरपाटनको वडा नं. ६ छहाल्ला भन्ने ठाउँ वस्तीलाई बगाएर लगेर त्यहाँका बस्तीहरू विस्तापित भएका छन् । ती बस्तीहरू स्थापित गर्न जरुरी छ । भन्ने मलाई लाग्छ र यो उज्यालो कार्यक्रम भनेर हाम्रो उसमा आएको छ । अत्यन्तै राम्रो छ र उज्यालो कार्यक्रम विद्युतको पोल नपुगेका जिल्लाहरू भनेको छ ।

विद्युतको पोल पुगेको जिल्लाहरूमा पनि जस्तै मैले अघिनै मैले भने ढोरपाटन..हरूमा त्यहाँ बत्ति पुगेको छैन मान्छेहरू फोन गर्न सक्दैन । त्यसैले त्यस्ता ठाउँहरूमा पनि सोलार अथवा उर्जाबाट बत्तिको व्यवस्था गर्न जरुरी छ । अर्को कुरा यो बाटोले भत्काएर सिँचाइ सकिएको छ त्यहाँ अब कुलो बनाउन सकिदैन । त्यसैले त्यहाँ सोलार सिस्टमबाट सिँचाइ गर्न जरुरी छ । जनजायर कार्यक्रम अन्य जातिहरूलाई पनि गरिब जनताहरूलाई पनि समावेश गर्नु पर्छ यो बालशिक्षा भनेको छ । त्यहाँका सहजकर्ताहरू ६००० पैसा खाएर बस्नु परेको छ । यो शैक्षिक शोषण हो भन्न चाहन्छु म यसलाई । यसको विस्तार गर्नुपर्छ र इन्टरनेटको सुविधा पालिकापालिकामा सुविधा गई सकेको छैन त्यसैले त्यसलाई पनि पुराउनु पर्छ र अर्को कुरा कुराहरूलाई समावेश गर्नको लागि हाम्रो मन्त्रीज्यूहरू विदेशतिर भ्रमण गर्ने कुराहरू अथवा देशको विभिन्न ठाउँहरूमा भ्रमण गर्ने कुराहरू त छदै छ र हाम्रो प्रदेशको पालिका पालिका स्थानमा भ्रमण गर्दै जानुभयो भने गर्दिनु भयो भने त्यहाँको सबै चिजहरू विषयवस्तुहरू समेट्न सजिलो हुन्थ्यो । हामीलाई अविश्वास गर्नु भन्दा आफै पुगेर गर्न त्यो सजिलो हुन्थ्यो भनेर उहाँहरूलाई यो मैले अनुरोध गर्छु । र अन्त्यमा पनि मैले अघिनै पनि भनिसकेको थिएँ । यी मेरा सुझावहरूलाई प्राथमिकता गरौं नीति तथा कार्यक्रममा समावेश गरिदिनुहुन म अनुरोध गर्छु र म मेरा भनाईहरू यही अन्त्य गर्दछु धन्यवाद ।

**माननीय सदस्य श्री धनञ्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय प्रमुख अमेश्चनद्वारा प्रस्तुत गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रममा छलफल गर्ने क्रममा म उपस्थित भएको छु । विश्वव्यापी रूपमा फैलिएको कोरोनाको कारणले परिस्थिति असामान्य छ । बदलिएको छ र असामान्य परिस्थिति बदलिएको परिस्थितिमा सोही अनुकूलमा नीति तथा कार्यक्रम भएको छ । असामान्य परिस्थितिमा आएको नीति तथा कार्यक्रमलाई सामान्य परिस्थिति जस्तो ठानेर बुझेर छलफल गरिनु भन्दा पनि असामान्य परिस्थिति जटिल परिस्थितिमा मानव सभ्यतामा मानव जाति माथि आइ परेको यो परिस्थिति सामना गर्ने गरेर तयार भएको नीति तथा कार्यक्रम आएको बुझ्नु पर्दछ । नीति तथा कार्यक्रमले निरोगी प्रदेशको बहुपक्ष पहल गरेको छ । निरोगी प्रदेश निर्माण गर्नका लागि यो प्रदेशको जनताको स्वास्थमा ख्याल गर्नका लागि बहुपक्ष पहलपहल गर्दै सबभन्दा पहिले उसले उपचार र उपचारका निमित्त पूर्वधारको निर्माण योजना अगाडि सारेको छ । प्रकोपजन्य पूर्वाधारको लागि विकासका लागि लगानी गर्ने प्रतिबद्धता जाहेर गरेको छ । संक्रमक रोगहरूको उपचार गर्ने सरुवा रोग उपचार गर्ने अस्पताल निर्माण गरेको छ । त्यसकारणले उपचारमा विविधता विविध पक्षलाई अगाडि ल्याएर उपचारका पक्षमा उभिएर जनताको स्वास्थ पहिलो कुरा हो भनेर जनस्वास्थमा सबभन्दा वेसीको यो

नीति तथा कार्यक्रम आएको हुँदा गण्डकी प्रदेश सरकारलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । जनताको सरकारले जनताको मन लिएको सरकारले जनताको प्रतिबद्ध सरकारले गर्नु पर्ने काम यिनै कामहरू हुन् । विगतमा नीति तथा कार्यक्रममा यि चिजहरू प्राप्त गर्न सकेका थिएनौं किनभने हिजो सामान्य अवस्था थियो । बीचमा जति बेला कोरोना आइपुग्यो त्यसको असामान्य अवस्थाका कारणले गण्डकी प्रदेश सरकारले यो देशको अन्य प्रदेशहरूको सरकार भन्दा अब्बल सरकार हो जसले कोरोनाको क्षतिको पूर्व मूल्याङ्कन गरी यो पूर्व आकलन गऱ्यो । आफ्नो आयोग बनायो त्यसबाट ऋणहरू प्राप्त गऱ्यो यो सरकारले उपचारका निमित्त सबभन्दा पहिले यो कोरोनाको रोकथामका निमित्त धेरै योजनाहरू अगाडि सारेको हुनाले यो सरकार जनउत्तरदायी र जनजीवनमुखी छ भन्ने कुरा महशुस गर्नु पर्छ । गरेको कुरालाई गरेको भनेर धन्यवाद भन्न सक्ने साहस र हिम्मत पनि हामीले बटुल्नु पर्छ होइन भने एकोहोरो रचना, एकोहोरो वियोग गर्ने कुराले के देखाउछ भने हामी अर्कै कुराले ग्रस्त छौं अर्कै आबेगमा प्ररित छौं यो आवेगका व्यक्तिहरूले सही बाटो देखाउँदैन । लोकतन्त्रमा आयोगहरू अभिव्यक्तिहरू सुहाउँदा अभिव्यक्तिहरू होइनन् । नीति तथा कार्यक्रमले कोरोनाका कारणले आक्रान्त बनेको अर्थतन्त्रलाई चलायमान बनाउने भनेको छ । चलायमान बनाउने भनेको त्यसले आफ्नो कार्यक्रमहरू जिवन्त बनाउने हो । जागरुक बनाउने हो । सर्वनास्ति हुनुभन्दा अर्धनास्ति हुनु काफी हुन्छ । र निश्चित समयका बेला त्यो पलाउन सकिन्छ विकास गर्न सकिन्छ र अगाडि जान सकिन्छ । यी सबै काम गर्नका निमित्त प्रदेश सरकारले आफ्ना योजनाहरू अगाडि सारेको छ । आफ्नो एउटा सरकारले निरन्तर अभिछिन्न उत्तराधिकार हुन्छ उसले थालेका उसका दायित्वहरू हुन्छन् ती दायित्वहरू पूरा गर्न बजेटको व्यवस्थापन गर्नुपर्ने हुन्छ । एउटा योजना सुरु गर्ने छोड्ने, अर्को योजना सुरु गर्ने छोड्ने यो जनउत्तरदायी सरकारको कुरा हुन सक्दैन लोकतन्त्रमा यस्ता चरित्रहरू सुहाउँदिला हुँदैनन् । यस कारणले गण्डकी प्रदेश सरकारले आफूले स्थापना गरेको आफूले थालेका या अगाडि ल्याएका प्रदेश आयोगका निर्वाचन क्षेत्रस्तरीय योजनाहरू र धेरै विकासका कामहरू जहाँ दायित्वमा प्राप्त भएका छन् । त्यो दायित्वलाई पूरा गर्ने आफ्नो प्रतिबद्धता जाहेर गर्नुपर्दछ । यो प्रतिबद्धता गर्दा यसलाई पुरानै ढर्रामा पुरानै ढाँचामा पुरानै गतिमा आयो भनेर आक्षेप गरिने कुरा सर्वदा गलत हुन्छ । के हामी हिजो थालेका कामहरूलाई छोड्दिउँ, नष्ट गर्दिउँ? समाप्त गर्दिउँ र प्रत्येक नाराका धड्काबाजीमा नयाँनया बाटामा हिँडौं । के यसरी सम्भव हुन्छ ? यसरी विकासका बाटो कुर्न सकिन्छ ? यसरी गन्तव्यमा पुग्न सकिन्छ ? यसरी लक्ष्य प्राप्त गर्न सकिन्छ र ? सकिँदैन । हामी हाम्रो आश्रित सुरक्षाप्रति प्रतिबद्ध छौं भने हामीले समृद्ध नेपाल, सुखी नेपाली बनाउने हो भने समृद्ध प्रदेश, सुखी जनता बनाउने हो भने हामीले हाम्रो लक्ष्यमा अविचल्लि ढङ्गले अविचल्लि लक्ष्यमा लागेर मात्रै सफलता प्राप्त गर्न सक्छौं । मानव जातिले धेरै महामारीको

सामना गरे । लोभको सासको धेरै प्लेको धेरै महामारीको सामना गऱ्यो । हामीले युद्धका पनि सामना गऱ्यौं के युद्ध हुँदाका बखत हामीले उत्पादनमा जोड दिएनौं युद्ध हुदाका बेलामा हामीले समृद्ध विकास गरेनौं । युद्ध हुँदाका बेला हामीले उद्योगहरू सञ्चालन गरेनौं । गऱ्यौं किनभने ती योद्ध अर्थतन्त्रका लागि त्यो महामारीको अर्थतन्त्रलाई जिवन्त बनाउनको लागि एउटा राज्य जिवन्त हुनका लागि हामीले सबै कामहरू गर्नुपर्दथ्यो । यस कारण यस्तै काम गर्नका लागि प्रदेश सरकारले आफ्नो नीतिलाई अगाडि सारेको छ । यही कारणले प्रदेश सरकार जनताको पक्षमा छ र जनतालाई सुरक्षित राख्न र जनताको जीवन जोगाउन लागेको छ भन्ने कुरा मलाई यहाँबाट भन्दा गर्व हुन्छ । हामी यतिबेला असजिलो स्थितिमा भैरहेका बेला आत्म निर्भर अर्थतन्त्र तर्फ मोडिएका छौं । विगतमा फ्रान्सिस् पुकियामाले भने अब बजारलाई छोड्दिनुपर्छ । राज्यहरूको भूमिका समाप्त भैसक्यो भन्थे तर उनीहरूले भनेको उदाहरण ओरालोबाट वारि झराइदिएको छ कोरोनाका कारणले । र अब राज्य अर्थतन्त्रलाई विकास गर्न जरुरी भएको छ । त्यसकारण हिजो फ्रान्सिस पुकियामाहरूको विचारमा उदार पुँजीवादको पक्षमा उभिएर राज्यका राज्यकेन्द्रित उद्योगहरूलाई कौडीका मूल्यमा समूहका साँहुजीहरूलाई बेच्ने पनि आज राज्यको भूमिका बुझिरहँदा सरकारले के गऱ्यो ? भनिरहदा अब राज्यको पुर्नजीवन प्राप्त भएको छ । समाजवादी वाटोमा हिँड्ने बाटो प्रदर्शन भा'को छ भनेर गर्वसाथ भन्न सकिने अवस्था प्राप्त होस् । सरकार ! एउटा समाजवादप्रति प्रतिबद्ध सरकार एउटा समाजको विकासप्रति तिब्रता दिई सरकारले कृषिमा आत्मनिर्भरता तर्फ व्यवसायिता तर्फ पशु र कृषिको विमाका तर्फ, स्वास्थ्य विमाका तर्फ जनताको पक्षमा केन्द्रित हुन्छ । त्यो केन्द्रित हुने काम यो सरकारले गरेको छ । त्यसकारण यो महत्वपूर्ण छ र यो नीतिले तर्फको त्यो नीतिले गर्दछ र बाटो तय गर्दछ । हामीले धेरै मोडलका समाजवादका छलफल गऱ्यौं । यतिबेला हामी समाज निर्माणका होइन यति बेला हामी किसानलाई बजार उपलब्ध गराइदिने चरणमा छौं । उत्पादन बढाइदिने चरणमा छौं । उत्पादन गरेर उत्पादन बढाएर कृषकलाई बजारको पहुँचसम्म पुऱ्याइदियौं भने सम्भवत हामी समाजवादबाट सही ढङ्गले अगाडि बढ्दछौं । तरतरी पसिना चुहाएर उकालीओराली हिँडिरहने थाप्लोमा नाम्लो राखेर बसेका गरिब जनताको नाम्लो झिक्न सक्ने समाजवादलाई प्रतिनिधित्व गर्ने हो भने प्रविधिको विकास गर्नुपर्छ । ज्ञानलाई किसानको खेतमा जोड्नु पर्छ । ज्ञानलाई किसानको खेतमा जोड्न उत्पादन बढाउनु र उत्पादनको बढोत्तरी गर्नको लागि उत्पादन र उत्पादनको क्षमता बृद्धि गर्नका लागि र किसानलाई सम्पन्न बनाउनका लागि उसको सीप र क्षमता विकासलाई बजारीकरण गर्न सक्ने बनाउनको लागि नै मुख्यमन्त्री वातावरणमन्त्री कृषि कार्यक्रम प्रदेश सरकारले अगाडि सारेको छ । यसका कार्यक्रममा परिमार्जन र आवश्यक गर्न सकिन्छ । यसका उत्पादनमा जोड्न सकिन्छ र यसमा ज्ञानको केन्द्र बनाउन सकिन्छ । किसानको

खेतमा खेतलाई केन्द्र बनाउनु, किसानको खेतलाई बजार बनाउनु यो सबभन्दा किनभने हिजो चिनीयाँहरूले पनि किसानलाई बजार उपलब्ध बनाउनका लागि उत्पादकत्व बढाउनको लागि उत्पादन बढाउनको लागि प्रारम्भ गरेका थिए । आज विआरआई निर्माण गर्दै अन्तर्राष्ट्रिय स्तरमा उनीहरू बजार खोज्दै छन् हामीहरू किसानलाई खेतमा बजार बनाइदिन सक्यौं भने किसानको खेतमा नै बजार पुऱ्याउन सकिदियौं भने भोलि धेरै उत्पादनहरूले अन्तर्राष्ट्रिय बजारमा प्रतिपर्दा गर्न सक्ने छन् हामी पुग्न सक्ने छौं । त्यसकारणले सभामुख महोदय, प्रदेश सरकारले योजना निर्माण गर्छु भनेको छ । योजना निर्माण गरेको छ । आफ्नो पञ्चवर्षीय योजना अगाडि सारेको छ । योजनाका आधारमा मात्रै विकास सम्भव छ । जति राम्रोसँग योजना तयार गर्न सकिन्छ त्यो योजनालाई पूरा गरेर विकास र समृद्धि हासिल गर्न सकिन्छ । विना योजना गरिने कामबाट अगाडि जान सकिन्न भन्ने कुरालाई आत्मसात गरेर प्रदेश सरकारले यातायात, गुरुयोजना प्रदेशको खानेपानीको योजना प्रदेशको उर्जाको नीति तय गरेर हामी अरु थप काम गरेर अगाडि जान सक्छौं । विकासको प्राधिकरण निर्माण गर्छौं योजना मैन निर्माण गरेर लगानी क्षेत्रमा जथाभावी हुने ऱ्यान्डम्ली जो पावरमा जान्छौं जसको पहुँच छ उसको आधारमा हुने होइन नीतिका आधारमा कार्यक्रमहरू गर्ने नीतिलाई सु...एको छ । यसरी जाँदा खेरी नीतिमा लिएर जाँदा खेरी व्यक्तिको भूमिकाहरू होइन नीतिको भूमिका फरक हुन्छ त्यसकारणले हामी व्यक्तिमा होइन नीतिमा केन्द्रित हुन्छ नीतिमा केन्द्रित रहेर यो प्रदेशलाई समृद्ध बनाउन समग्र विकास गर्नका लागि प्रदेश सरकारले जुन ढङ्गले आफ्नो नीतिलाई अगाडि ल्याएको छ म यसलाई स्वागत गर्न चाहन्छु । समर्थन गर्न चाहन्छु । र यही नीतिका आधारमा हाम्रो विकास सम्भव छ भन्न पनि चाहन्छु । हामी राष्ट्रलक्ष्यलाई पन्छ्याइरहेका छौं । हाम्रो राष्ट्रिय लक्ष्य भनेको सुखी नेपाली र समृद्ध नेपाल नै हो सुखी नेपाली र समृद्ध नेपाल बनाउनका लागि हामीले हाम्रो प्रदेशलाई समृद्ध र प्रदेशका जनतालाई सुखी बनाउनु पर्छ । प्रदेशको जनतालाई सुखी बनाउने हो भनेको सापेक्ष हुन्छ यतिबेला जनतालाई दैलोमा पुग्ने पानीधारा, विजुली बत्ति, यी आधारभूत कुराहरू हुन् । उनका खेतको मूल्य उसको आधारभूत कुरा हो । आधारभूत कुरा किसानको मूल्य तोकिदिन्छु भनेर सरकारले भनेको छ । बढी भए सरकारले किनिदिन्छु भनेको छ । यो भन्दा बेस जस्तो उदाहरण हामी गर्न सक्दैनौं । यतिबेला हामीले गर्नुपर्ने कामहरू यिनै हुन् । यी कामहरू गरेर हामी जनतालाई उनको हातमा पैसा, उनको आँगनमा पानीको धारा, विरामी हुँदा हेल्थपोष्टमा जाँदा उनीहरूले पाउने औषधिउपाचार, उनको स्वास्थ विमा, जेष्ठ नागरिक र सामाजिक सुरक्षाको व्यवस्था यि सबै कुरा गरेर हामी जनतालाई सुखी हुने बाटो तर्फ अग्रसर गर्न चाहन्छौं । र सुख र समृद्धिबाट प्राप्त हुने हो । समृद्धि उत्पादनबाट सम्भव छ । उद्योगबाट सम्भव छ । व्यापारबाट सम्भव छ । यि सबै कुरा गर्नका लागि प्रदेश सरकारले विदेशबाट

आउने अनुमान गरेको रु ५० हजार जनशक्ति र यही रोजगारी गुमाएको जनशक्तिहरूलाई काम दिने योजना बनाएको छ । हिजो जो जो यहाँको श्रम क्षेत्रमा थिए छिमेकी मुलुकबाट थिएनन् ती छिमेकी मुलुकबाट कोरोनाले त्यहाँ पुऱ्याए पछि त्यो ठाउँ रित्तो छ । त्यो रित्तो रहेको ठाउँमा आइरहेको जनशक्तिलाई र यहाँ काम गुमाएका जनशक्तिलाई जोड्यौं भने सम्भवत हामी विकासमा अगाडि जान सक्छौं । अगाडि बढ्न सक्छौं । भन्ने कुरालाई प्रदेश सरकारले ठम्याएको छ । त्यहि काम गर्छु भनेको छ । जनशक्ति तालिम, तालिम अप्राप्त जनशक्तिलाई तालिम दिएर काममा लगाउछु भनेको छ । जनशक्तिलाई काममा लाग्ने भनेको सबभन्दा ठूलो उपलब्धी गर्ने काम हो । र त्यसो गऱ्यो भने हाम्रो बाहिरीएको पैसालाई रोक्न सक्छौं । तथ्याङ्कले भन्छ हाम्रो देशबाट हाम्रो रेमिट्यान्सको अर्थतन्त्र धान्यौं भनि रा’छौं र हाम्रो देशको हक रेमिट्यान्समा जाने देशमा भारत ७ औं देश हो । यत्रो ठूलो भारतको अर्थतन्त्रको तुलना पनि हुन सक्दैन । यति सानो अर्थतन्त्र भएको मुलुकले उसको अर्थतन्त्रलाई सातौं नम्बरमा उसलाई लिन सकिन्छ यत्रो अर्थतन्त्र मुद्रा जुन बाहिरीएको छ, त्यो बाहिरीएको मुद्रालाई रोक्नका निमित्त हामीले पहल गऱ्यौं, प्रयास गऱ्यौं, मेहेनेत गऱ्यौं यिनले बनाएका योजनाका आधारमा हिँड्यौं भने सम्भवत हाम्रो बाहिरीने मुद्रालाई हामीले रोक्यौं भने विदेशी मुद्रा बाहिरीनुबाट रोकियो भने हाम्रो समृद्धि धेरै पर छैन । धेरै टाढा छैन । त्यसकारणले हेर्दाखेरी कालो बादल मात्रै होइन कोरोनाको कहरमात्रै होइन, कोरोनाको समस्या मात्रै होइन त्यसबाट देखिएको उज्यालो बाटोलाई चाँदनीको घेरालाई पनि हामीले हेर्नु पर्छ । स्वभाविक हो । कोरोनाको कारणले हाम्रो जीवन कठिन छ । म यहाँ यो सभा समक्ष सभामुख महोदय, सभा समेक्ष म अनुरोध गर्न चाहन्छु हरेक वर्ष कार्तिकमा धान लहलह झुलिरहँदा असिना पर्छ । धानखेत तहसनहस हुन्छ । यदि त्यो किसानले अर्को पटक बिउ नराख्ने ? अर्को पटक खेत नजोत्ने ? अर्को पटक उत्पादनमा नलाग्ने ? यदि यसो भनिएको भए समृद्धिको विकासको चरणमा हामी आइपुग्दैनौं त्यसकारणले कोरोनाको समस्या जरुर छ तर त्यो भन्दा पनि ठूलो भोकको समस्या हो, कामको समस्या हो, समृद्धिको समस्या हो र रोजगारीको समस्या हो । त्यसकारण हामी कोरोनासँग जुद्दैजुद्दै समृद्धिको बाटो(यात्रा)मा अगाडि बढ्न चाहन्छौं अगाडि जान चाहन्छौं यसकारणले उत्पादन र आपूर्ति बीचको जुन दूरी छ त्यो दूरी घटाउँछु भनेर प्रदेश सरकारले भनेको छ । त्यो घटाउने दूरीलाई घटाएर समृद्धिको बाटोमा जानको निमित्त मैले प्रदेश सरकारलाई फेरि पनि आवहान गर्न चाहन्छु । यस्तै हो कहिले काहिँ हामीलाई लेख्दाखेरी, बुझ्दाखेरी, भ्रमहरू हुन्छन्, भ्रम प्राप्त हुन्छ । कथा पढे झैं कतै कालिदासको का दोहोऱ्याएर कालिदास धर्धरी रोएका थिए । माननीयले पनि नीति तथा कार्यक्रम सुन्दा एकचोटी धर्धरी रोएँ भनेर भन्नु भयो । रुनुको पनि अर्थ छैन । १२ वर्षसम्म त रामायण पढ्नु त भएछ । दुँनियाले १८ वर्ष भने पनि २० औं वर्ष पछि पनि सीता रामकै दुलही हो यसमा यो भन्दा अर्को कुनै छैन

रामायणको यो मुलुकको समृद्धि पनि फेरि काँग्रेस पार्टी नै हो । कम्मीनिष्ट पार्टीले यो मुलुको समृद्धि र विकासहरू अगाडि जान्छ हेर्दै गर्नुहोस् यै दुँनियामा यही समयमा हामी यो दुँनियालाई बदलेर परिवर्तन समृद्धिका खाकाहरू कोरेर अगाडि जाने छौं । र कोरोनालाई पनि जित्ने छौं र विजय प्राप्त गर्ने छौं । धन्यवाद ! नमस्कार !

**माननीय सदस्य श्री प्रभा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।**

सभामुखज्यू, विभिन्न परिवर्तित र आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने सबै आदरणीय सहीदहरूप्रति हार्दिक सम्मानसहित श्रद्धाञ्जली अर्पण गर्दछु । सबै घाइते अपाङ्ग भएका व्यक्तिहरूको शीघ्र स्वास्थ्यको लाभको कामना गर्दछु । कोभिड-१९ का कारण मृत्यु हुने सबै श्रद्धाञ्जली अर्पण गर्दै बिरामीहरूको स्वास्थ्यको लाभको कामना गर्दछु र स्वास्थ्य भै घर फर्किएकाहरूलाई हार्दिक बदाई भन्न चाहन्छु । सबै थरी आन्दोलनको नेतृत्व गर्नु हुने सबै आदरणीय अग्रजहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु । सभामुखज्यू, २०७७/०२/१८ गतेका दिन गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री माननीय पृथ्वीसुब्बा गुरुङज्यूले सम्मानीत सभामा टेबुल गर्नुभएको २०७७/०७८ नीति तथा कार्यक्रम गण्डकी प्रदेशका प्रदेश प्रमुख श्री अमिक शेरचनद्वारा प्रस्तुत भै सकेको छ । नीति तथा कार्यक्रम २४ पेज भित्र १४६ बुँदा सहित गण्डकी प्रदेश विकास परिसदको गठन गरी प्रदेशको सर्वाङ्गिण विकास गर्न स्पष्ट दृष्टिकोण गन्तव्य र लक्ष्यसहित प्रदेश सरकारले समृद्धिका अल्पकालिन, मध्यकालिन, दीर्घकालिन लक्ष्यका साथ अगाडि बढ्ने क्रममा कोभिड-१९ को संक्रमणको सामना गर्दै छौं । सभामुखज्यू अधिकारको तेल रेल चढ्दै गर्दा कर्तव्यको तेल हाल्नु पर्छ । भन्ने यथार्थ बोध गर्दै २०७७/०७८ को नीति तथा कार्यक्रम ल्याउन सफल भएको गण्डकी प्रदेश सरकारलाई हार्दिक धन्यवाद भन्न चाहन्छु । यो नीति तथा कार्यक्रमप्रति म र मेरो दलको तर्फबाट समर्थन गर्दछु । कोभिड-१९ बाट संक्रमितहरूलाई व्यवस्थित गर्दै प्रदेश गौरव र विकासका कार्यक्रम अगाडि बढाउँदै नागरिकहरूलाई हक र अधिकारको प्रत्याभूति दिलाउँन आर्थिक विकासको माध्यमबाट सबल र सक्षम प्रदेश बनाउने योजना आफैमा गर्भवान्वित छन् । २०९९ सम्म उच्च आयोग भएको देश बनाउँदै सबै तह र दलका व्यक्तिहरू संघ संघठनहरू अधिकार सुनिश्चित गर्ने दृढ संकल्पसमेत गरेको छ । तेस्रो मुलुकको भाइचारा सम्बन्धले त अझै विकासको गति लिने महशुस गरेको छु । सभामुखज्यू, मुख्यमन्त्रीज्यूको संयोजकत्वमा बनेको गण्डकी प्रदेश समन्वय परिषद् सहजिकरण समितिले प्रदेश र स्थानीय तह बीच योजना तर्जुमा बजेट तथा कार्यक्रम कार्यन्वयनमा समन्वयन र सहजिकरण गरेको छ । प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षका संयोजक कत्वमा गठित स्थानीय तहमा योजना तर्जुमा सहजीकरण समिति बनाएर काम अगाडि बढाएको विषय मुख्य

न्यायाधिकवक्ताको संयोजनकत्व समगठित स्थानीय तह कानुन तर्जुमा सहजीकरण समिति बनाएर स्थानीय तहमा व्यावहारिक अभ्यास अगाडि बढि सकेको विषय प्रदेशभित्रका सडकहरूको कालोपत्रे र स्तर उन्नति गर्न ढलानका लागि काम अगाडि बढिसकेको छ । सडक कालोपत्रे गर्न बहुवर्षिय ठेक्कासमेत दिइ सकेको अवस्था छ । सभामुखज्यू सबै स्थानीय तहका सडक केन्द्रसम्म पुऱ्याउने योजनाहरू छन् । भूमिगत सतह र नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजनाको कार्यन्वयन गर्ने विषय जीर्ण अवस्थामा रहेका सिँचाइ आयोजनाहरूलाई समेत स्तर उन्नती गर्ने नदी नियन्त्रण तटबन्दक कार्यक्रम प्रभावकारी ढङ्गले अगाडि बढाउने एक घर एक धाराका कार्यलयले तिब्रता पाएको छ । गण्डकी प्रदेशलाई उज्यालो प्रदेशको लक्ष्य हासिल गर्न विद्युतको राष्ट्रिय प्रसारणमा पहुँच नपुगेको विभिन्न जिल्लामा विद्युतीय सेवा पुऱ्याउने काठे पुल प्रस्तिस्थापना गर्ने, स्टिल पोल व्यवस्थापन गर्ने, जनता आवास कार्यक्रमलाई प्रभावकारि बनाउने प्रदेश मातहतका सबै अस्पतालहरूमा अत्याधुनिक आधुनिक स्वास्थ्य उपकरण व्यवस्था गर्ने स्वास्थ्य क्षेत्र सुदृढीकरण कार्यक्रम सञ्चालन गरेको छ । प्रदेशको राजधानी पोखरा प्रदेशस्तरीय स्वास्थ्य स्तरीय प्रयोगशाला स्थापना सँगै नवलपुरमा रहेको चिकित्सालयलाई सहयोग समेत गरेको पाएँ । कृषिजन्य विभिन्न मोडेल फार्महरूलाई सहयोग गर्दै मुख्यमन्त्री जलवायुमैत्री कृषि नमुना कार्यक्रम प्रदेशका ७२ वटा स्थानमा सञ्चालन गर्दा संघीयताको, प्रदेश सरकारको अनुभूति जनताले र कृषकले गरेको पाइएको छ । आवश्यकता अनुसार कोल स्टोर स्थापना गरेर कृषिको पाटो मजबुद बनाउने दुध चिस्यान केन्द्र आवश्यकता अनुसार बढाउँदै लैजाने विषयले कृषि क्षेत्र अब व्यवस्थित हुँदै छ भन्ने अनुभूति भै रहेको छ । कोभिड-१९का कारण तहसनहस भएको व्यापार व्यवसायलाई धरासयी भएको बेला व्यवसायिलाई उत्साहित बनाई योजना ल्याउनु प्रदेश सरकार गम्भिर भएको महशुस गरेकी छु । १ ग्राम १ कार्यक्रमले धेरैभन्दा धेरै जनशक्तिले रोजगारी पाउने गण्डकी प्रदेश प्रतिष्ठानको स्थापना, ताल संरक्षण तथा प्राधिकरण स्थापना भै सकेका विषयले पनि एक प्रकारले टुङ्गो लागिसकेको भन्ने महशुस गरेकी छु । कोभिड-१९को महामारीबाट प्रदेशवासीको रक्षार्थ १८ वटा बुँदामा कार्यक्रम ल्याएर व्यवस्थित गर्ने योजनाले प्रदेश सरकारको औचित्यता पुष्टि भएको महशुस गरेकी छु । कोभिड-१९ बाट प्रभावित उद्योमिलाई सौहुलियत दरमा आवश्यक १ यन्त्र तथा उपकरण उपलब्ध गराउने र सौलियत कर्जाका लागि बैंक तथा वित्तिय क्षेत्रमा समन्वय गर्ने महामारीका कारण जनतामा परेको मनोवैज्ञानिक असरलाई सम्बोधन गर्न सचेतनामूलक मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने विषय महत्वपूर्ण छन् । सभामुखज्यू, स्वास्थ्य सेवा गुणस्तरीय बनाउनका लागि स्वास्थ्य नीति कानून र मापदण्ड बनाएर जाने विषय सरकारले मानव स्वास्थ्य माथि ध्यान दिएको भन्ने लागेको छ । अत्याधुनिक प्रविधि सकरात्मक तथा सरुवा रोग अस्पताल स्थापना गर्ने मातृ र

शिशुलाई ध्यान दिँदै इयरलिफ्टीङ्ग प्रभावकारी रहेको छ यति मात्रै होइन प्रदेशवासीहरूको स्वास्थ्यमा ध्यान दिँदै बहुक्षेत्रीय पोषण सुधार कार्यक्रम सञ्चालन गर्ने नीतिले प्रदेशलाई खोपयुक्त प्रदेशका कायम राख्नु प्रदेशका ११ वटै जिल्लामा आवश्यकता अनुसार हस्पिटल स्थापना गर्ने, संज्ञान उपचार केन्द्र जेष्ठ नागरिक उपचार वार्ड आँखा उपचार सेवासहित मृगौला पीडितका लागि डाइलासिस सेवा प्रभावकारी बनाउने र नवलपुर जिल्लाका विभिन्न स्वास्थ्य संस्थामा सर्पदम्श उपचार सेवा प्रभावकारी बनाउने र नेपाल सरकारसँग समन्वय गर्दै प्रदेशवासी सबैलाई तीन वर्षभित्र स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गराउने जस्तो विषयले त झनै सरकार जनउत्तरदायी बनेको समेत महशुस गरेको छु । विभिन्न रोगबाट पीडित अति गरिब, बिरामीलाई आर्थिक सहयोग गर्ने असाहय, अपाङ्ग, असक्त, गर्भवती, सुत्केरी, जेष्ठनागरिक विपन्न वर्गले उपचारमा पाउँदै गरेको सुविधा निरन्तरता दिने र पोखरामा भएको स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृगौला र मुटु रोगको विशिष्टकृत उपचार गर्ने बायोमेडिकल उपकरणसमेत प्रदेश स्वस्थ आफू व्यवस्थापन बनाउने र प्राकृतिक हस्पिटललाई समेत प्राथमिकता भित्र पारेको हुनाले पनि मलाई एकदम खुशी लागेको छ । सभामुखज्यू, सञ्चालनमा रहेको हस्पिटल, स्कूल, कलेजहरूको स्तरउन्नती गर्दै आवश्यकता अनुसारको भवन प्रविधि जनशक्ति व्यवस्थापन गर्ने र विश्वविद्यालय सूचना प्रविधि र पार्क निर्माण कार्यक्रम गर्ने विषय महत्वपूर्ण छन् । सीपयुक्त मानव श्रमसाधन विकास गर्न गण्डकी प्राविधि शिक्षा तथा व्यवसायी तालिम प्रतिष्ठान स्थापना गर्दै महत्वपूर्ण नमुना आवश्यक विद्यालयको सञ्चालन गर्दै सबै जनजाति, भाषाभाषीका संघ-संस्थालाई औपचारिक मूल प्रभाहीकरण गर्ने विषयलाई निरन्तरता दिने विषय महत्वपूर्ण छ । गरिब र संरक्षक विहीन द्वन्द्वमा परेका हिंसा पीडित अपाङ्ग भएका बालबालिकालाई सहयोग गर्ने विषय महत्वपूर्ण विषय बनेको छ । सभामुख महोदय, युवा क्षेत्रलाई ध्यानमा राखी खेलकुद क्षेत्रको संस्थाको विकास गर्न आवश्यक कानून बनाएर यो क्षेत्र व्यवस्थित गरी विभिन्न संघसँग समन्वय गरी अन्तर्राष्ट्रिय स्तर कायम गर्दै अन्तर्राष्ट्रिय तथा राष्ट्रिय खेल प्रतियोगिता गर्ने नीति गण्डकी प्रदेशभित्रको पर्यटन व्यवसाय समेतलाई टेवा पुग्ने नीति महत्वपूर्ण छ । गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना गरी सबै जात जाति भाषा साहित्य संङ्गीतकला र संगीत सम्बद्धनका लागि गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापनाको विषय महत्वपूर्ण हुन्छ । मानसिकका कारण हुँदै आएका जुवाछुत तथा भेदभावलाई शुन्यतामा ल्याउने कार्यक्रम महत्वपूर्ण छ । कृषि क्षेत्रको व्यवसायिकयीकरण गर्नका लागि व्यवस्था लक्ष्यसहित आएको छ यस विषयमा कृषि व्यवसाय रोजगारमूलक बिउ, विजन कृषि व्यवसाय मार्फत ठूलो व्यरोजगारीलाई व्यवस्थित गर्ने र जग्गाको चक्लाबन्दी, माटोको प्रतिस्थापन जलवायु अनुकूलित कार्यक्रम प्रभावकारी बनाउँदै प्राङ्गरिक मल, बिउको प्रयोग गर्दै प्राङ्गरिक मलको खेती तथा अर्घानिक खेती गर्दै जाने विषय कृषि क्षेत्रका बीचौलीयापनको न्यूनिकरण गरी

अब सहकारी मार्फत उत्पादनको संकलन र बजारीकरण महत्वपूर्ण हुने विषय दुई मत छैन भन्ने भनाई पनि प्रष्ट आएको छ । यो दुग्ध पदार्थमा सहकारी र नीजि क्षेत्र मार्फत समन्वयमा आत्मनिर्भर बनाउने कृषि क्षेत्रलाई महत्व दिँदै खेतीयोग्य जमिनमा बाह्रै महिने सिँचाइको महत्वपूर्ण विषय व्यवस्थितकरण गर्ने खाद्य बैंक स्थापना जग्गा उकास कार्य उपस्थित गर्ने भू-उपयोगका निम्त सार्वजनिक जग्गाको अभिलेखिकरण गरी विपन्न सिमान्तकृत तथा अपाङ्गता भएका व्यक्ति महिला सहकारी संघ संस्था लच्छित गरी १ सहकारी १ सेयर उत्पान कार्यक्रमलाई निरन्तरता दिने विषय आफैमा महत्वपूर्ण रहेको छ । सभामुखज्यू, प्रदेशी प्राधेशिकरण क्षेत्रको दीगो विकासको लागि ९ वटा बुँदामा महत्व आवश्यकताबारे बोलेको छ । अन्तरप्रदेशिय प्रर्यटकलाई समेत ध्यान दिएको छ । राजधानी पोखरा सँगै पोखराका मुख्य शहरसँग जोड्ने महत्व छ विपतमा परेका पर्यटकलाई उद्धार गर्ने कार्य महत्वपूर्ण रहेको छ । धार्मिक, सांस्कृतिक, शैाीक्षक, स्वास्थ्यसँग पर्यटनको गतिविधि जोड्ने कार्य महत्वपूर्ण छ । स्थानीयको उत्पादन होमस्टेसँग जोडेको विषयले महत्वपूर्णको रूपमा लिएको छु । मुस्ताङमा जिओपार्क मुस्ताङको स्थापना, लोमाङथाङ र गोर्खादरबारलाई विश्व सम्पदा सूचीमा राखिएसँगै कास्कीमा रहेको बौद्धमण्डलालाई पनि समावेश गर्न सकियो भने अझ राम्रो हुन्थ्यो भन्ने मलाई लागेको छ । १ उद्योग स्थापना गर्ने र विपन्न परिवारलाई सुखत मूल्य कार्ड वितरण गर्ने कार्य आफैमा महत्वपूर्ण छ । यस विषयलाई प्रभावकारी बनाउन उत्पादनमुखी वनव्यवस्थापन क्षतिग्रत भूमिको पुनर्स्थापना तथा गर्नुपर्ने आवश्यकता महशुस गरेको छु । धन्यवाद !

**माननीय सदस्य श्री कोपिला बोहोरालाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुखज्यू, आज जनआन्दोलनमा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । त्यसैगरी विश्वभरि नै यो कोरोना भाइरसले ज्यानगुमाउनेप्रति पनि म श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । जुनचाहिँने कोरोना भाइरसले बिरामी भएर क्वारेन्टाइन्डमा हुनुहुन्छ । उहाँहरूलाई स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । जुन आज हामी रुकुमको काण्ड २१ औं शताब्दीमा आउँदा पनि अझैसम्म जातीय विषयले जुन ५ जनाले ज्यान गुमाउनु भएको छ उहाँहरूप्रति पनि म श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । र अहिले रोगले भन्दा भोकले मर्नुपर्ने अवस्था आएको छ र रोगले नेपाल भरी ८ जना कोरोना भाइरसले बित्नुभाको छ भने आत्महत्या खान नपाएर भोकमरी ८२५ जनाले ज्यान गुमाउनु भाको छ र यसैगरी वाग्लुङ जिल्ला रोडबाट जुनबसमा ८२ जना यात्रु जानुभएको थियो बाहिर त्यो क्वारेन्टाइन्डमा ५०-६० जना एकै ठाउँमा बसेको कारणले जुन इन्डिया(भारत)बाट आउनु भाको थियो । उहाँप्रति एकै ठाउँमा ट्वाइलेट, एकै ठाउँमा बस्ने, एकै ठाउँमा खाने, चप्पल एउटै भएको

कारणले उहाँहरूप्रति कोरोना भाइरस सरेको अवस्था छ र जुन ११ वटै जिल्लामा आफ्नोआफ्नो जिल्लामा स्वास्थ्य परीक्षण छिटोभन्दा छिटो सरकारलाई सभामुख मार्फत म अनुरोध गर्न चाहन्छु र यसैबाट जुन राहत भन्ने कुरा १ चोटी मात्रै बाँडेको छ । दोस्रो चोटी बाँडेको छैन । यात्रीले राहत नपाएर, खान नपाएर आत्महत्या गर्दा पनि जनतालाई व्यक्तिले किन सहयोग पुऱ्याउन नदिने, कार्यवाही किन गर्ने, हिजो मात्रै मैले सुनेको थिएँ । हिजो विहान १ जना व्यक्तिले बस पठाउँछु नाकामा अलपत्र परेका जनतालाई मैले उद्धार गर्छु भनेर कति अनुरोध गर्नुभयो । त्यो स्थानीय निकायको वडा अध्यक्षसँग मैले त्यो ठाउँ ठ्याक्कै पत्ता लगाउन सकिन र त्यति मैले झलक्क सुनेको हुँम् । किन व्यक्तिलाई यो सहयोग गर्न नदिएको अवस्था जनता मार्ने धेरै भएर जनता मार्ने हो भने सरकारलाई धेरै भन्दा धेरै अनुरोध गर्न चाहन्छु । हैन भने व्यक्तिलाई पनि गर्न दिनु पर्छ यो सहयोग भन्नेकुरा सबैले सरकारले कहाँकहाँ कुना काप्जी पत्रकार मित्रहरूलाई पनि मैले जुन सुरक्षा कर्मी, स्वास्थ्य कर्मी, सुरक्षा कर्मी र सरकार पत्रिका कर्मचारीज्यू, पत्रकार मित्रज्यू उहाँलाई जोखिमपूर्ण राखेर जुन सुरक्षा दिई राख्नु भाछ उहाँप्रति धन्यवाद दिन चाहन्छु । किनकि हामीले पठनपाठनमा जुन विद्यार्थीको बालबच्चाको यस्तो विचलित भाछ पठनपाठनमा जुन सरकारलाई मैले ध्यान आकर्षण गराउन चाहन्छु प्रदेश सरकारलाई । त्यसैगरी खान नसकी जुन वाग्लुङ जिल्लामा पछाडि परेको त्यसमा पनि ६ जना क्वारेन्टाइन्डमा बस्नु भाछ । उहाँको लागि पनि छिटोभन्दा छिटो उपचारको लागि धेरै राहत जुटाउनको लागि म अनुरोध गर्छु । त्यसले गर्दा खेरी हामीले बाटोघाटो पुल भन्दा पनि जुन कृषिमा हामीले बल दिएका छौं । कृषि त कृषि भन्ने कसैको सबैको जीमी जग्गा छैन जुन हाम्रो सरकारी सार्वजनिक जग्गा छ त्यसमा जुनको सुकुम्बासी छ उहाँहरूलाई चाहिँ त्यसमा राखेर कृषि गर्न सहयोग पुऱ्याउनु पर्छ भन्ने मैले धेरै भन्दा धेरै अनुरोध गर्न चाहन्छु । किनकि यिनीहरूलाई विदेशीलाई स्वदेश फर्काउने विदेशमा रेमिट्यान्स आएर सबै सरकार चलाएको अवस्था थियो । अहिले सबै विदेशमा स्वदेश फर्क्यो भने तिनलाई रोजगारी कसरी दिने त ? तिनलाई रोजगारी दिनको लागि छिटोभन्दा छिटो जुन अलपत्र भएर बस्नु भएको छ उहाँहरूलाई क्वारेन्टाइन्डमा राखेर आइस्यूलेसनमा राख्नुपर्छ कि क्वारेन्टाइन्डमा राख्नुपर्छ उहाँहरूलाई छिटोभन्दा छिटो स्वदेश फर्काउन मैले अनुरोध गर्दछु सरकारलाई । आज जुन हामीले भनेका छौं सरकारले आफ्नो गरेको छु भन्नुभाको छ । त्यो हामीले गर्नु भएको हुनुहुन्न भनेर हामीले भनेका छैनौं । सरकारलाई त्यो पनि हामी भन्छम् । किनकि आज यस्तो संसारभरी, विश्वभरी जनता मरेको अवस्था छ र जुन जनतालाई राहत फेरि पनि दोस्रो चोटी खान नपाएर अलपत्र भएका जनतालाई राहत बाढ्नको लागि अनुरोध गर्न चाहन्छु । धेरै भन्दा धेरै अनुरोध गर्दछु । यसै गरेर जुन सुकुम्बासी हुनुहुन्छ उहाँलाई गास, बास, कपासको लागि पनि म अनुरोध गर्न चाहन्छु । जुन सुकुम्बासीको लालपुर्जा नआएर

अलपत्र पर्नुभाछ उहाँ सुकुम्बासीलाई सधैं भरी हुन्छहुन्छ हलहल भनेर हल्लाएजस्तो नगरीकन तिनलाई न्याय दिलाउन पनि म अनुरोध गर्न चाहन्छु । यसैगरी हामीले जुन सत्ता पछि र प्रतिपक्ष भन्ने छ सत्ता पक्ष मात्रै होइन हामीपनि यो ठाउँमा कि हाम्रो ड्रेस फराकिलो बनेर हाम्रो लोगो पनि फरक दिनु परो होइन भने हामीलाई समान देख्नुपर्छ एउटै आँखाले एउटा फूलबारीमा एउटै फुलेको एउटा फूल फुल्दैन सय वटा फूल फुल्छ त्यो सयवटा फूललाई एउटै आँखाले देख्नुपर्छ भन्ने जस्तो मलाई लाग्छ र यसैगर्दा जुन हामीले मन्त्री, शिक्षामन्त्री पाएपछि हामीले पहिला पाएम् भनेर हामी नाचेका पनि थिएम् होला हाँसेको पनि थिएम् होला अहिले जुनसुकै मैले योजना माग्दा पनि कहिल्यै पनि केही छैन भन्ने एउटा अवस्था आएको छ र महिले अहिले सम्म पाको पनि छैन ऐले हाम्ले एउटा आमा पायौं भनेर खुशी भएको अवस्थामा थियौं । हामी आधि धर्ति ढाकेको आमाले हामीले किन अहिलेसम्म यो महिलालाई खै त रोजगारी खै महिलालाई रोजगारी चाहियो कमाउने ठाउँ चाहियो । के महिला भन्ने भान्छाको हुनत हामी यो ठाउँमा आइपुगेम् त्यो भन्न मिल्दैन तर भात पकाउने मात्रै महिला हो आधि धर्ति ढाकेको महिला त्यसैकारणले महिलाहरूलाई रोजगारी दिनुपर्छ । सम्पूर्ण महिला, दलित, जनजाति, अल्पसंख्य सप्पैले पाउनुपर्छ भन्ने मेरो धारणा हो । हामी दलितबाट मात्रै आएको पनि होइन गैर दलितबाट आएको पनि होइन जनजातिबाट आको पनि होइन देश विकास हामी नीति नियम बनाउन आको हो । यसैकारणले मैले गण्डकी सरकारलाई छिटो भन्दा छिटो यो महिलाहरूको सम्पूर्ण आय आर्जन कहाँ छ ? त्यो देखाउनको लागि यो कागजमा मात्रै सीमित नहोस् यसकोमा पनि उल्लेख होस् र कानूनमा पनि लागु होस् । जे कुरामा पनि त्यसै कागजमा मात्रै सीमित गर्ने तर लागु चाहिँ नगर्ने अहिले जाति विषयमा हाम्रो कास्कीमा पनि त्यही हालत भाको छ र जुन चाहिने हाम्रो यो यत्रो पदमा रहेर जुन सांसद अध्यक्ष पहिला पूर्वमियरसाब उहाँ भएर यस्तो भन्न मिल्छ जातिका विषयमा त्यो पनि कारण होस् त्यसमा पनि जातमा दुई जात मात्र छ महिला र पुरुष काटे खुन के रातो आउँदैन र सबैको ? सबैको रातो आउछ नि, निलो, कालो त कसैको आउन्न नि तर मैले जुन योजना माग्दा पनि अहिले सम्म पाको छैन । ६० जना सांसदमा महिला म नै होला नजान्ने पनि सोजो नेता पनि मै होला तर नेता त भन्न मिल्दैन पछि प्रतिपक्षलाई नेता होइन कि जस्तो पनि लाग्छ हुम् होइन मैले अघिनै फरक हाम्लाई लोगो र फरक ड्रेस दिनुहोस् मैले भनिसके छिटोभन्दा छिटो सरकारलाई जुन स्वास्थ्य परीक्षण ११ वटै जिल्लामा छिटो भन्दा छिटो होस् स्वास्थ्य परीक्षण यो छैन । हाम्रोमा कोरोना आएन, हामीमा दुई जना मात्रै भन्नुभाथ्यो हाम्रो मुख्यमन्त्रीज्यूले जुन चाहिने भन्दैगर्दा खेरी यो स्वास्थ्य परीक्षण नगरेर पनि थाहा नभएको होला, कोरोना नआएको होला, भन्ने ठानेको छु मैले जुनै चाहिने हामीले जुन वाग्लुङ जिल्लामा पछि परेको छ वाग्लुङ जिल्लालाई हेर्न पनि मैले अनुरोध गर्न चाहन्छु । तर ११ वटै जिल्लामा एउटा जिल्ला भन्दिन

११ वटै जिल्लाको जुन चाहिने यो क्वारेन्टाइन्ड छ अनि आइस्यूलेसन छ, यसलाई छिटो भन्दा छिटो माग गर्नको लागि मैले धेरै धेरै सरकारलाई अनुरोध गर्न चाहन्छु । सम्पूर्ण विद्यार्थी/बालबच्चाका लागि पठनपाठनलाई पनि मैले यसलाई माग गरे तर मैले भन्दा सुनेको हो होइन मलाई थाहा छैन अब बोडिङबाट अनलाइनबाट कक्षा दिने भन्ने कुरा छ हाम्रो सरकारी विद्यालय किन नदिने तो सरकारी विद्यालय पनि हाम्रो सरकारले जुन पठनपाठन छ यो बालबच्चा यस्तो अवस्थामा पुगेको छ त्यो अनलाईनबाट पढ्ने व्यवस्था राख्नुपर्छ भन्ने जस्तो मलाई लाग्छ यसलाई मैले सरकारलाई अनुरोध गरें । जुन अहिले बालबच्चा यत्रो महिना घरमा बसेर कि टिभी हेर्ने, कि मोबाइल खेलाउने गरेर उहाँहरूको पठनपाठनमा असर परिसकेको छ र त्यो पठनपाठनलाई अनलाइन मार्फत यो किनकि शिक्षकहरूले जुन तलब खानु भाछ उहाँहरूले खाको रिस गरेको होइन तर बालबच्चाको लागि उहाँको पनि जीवन रक्षाको लागि उहाँको लागि अनुरोध गर्दछु र धन्यवाद ! जय नेपाल !

माननीय सदस्य श्री रामबहादुर गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सभामुखज्यू, २०७७ साल जेठ १८ गते प्रदेश प्रमुखको तर्फबाट नीति तथा कार्यक्रम यस सदनमा प्रस्तुत गर्नु भएको थियो । आज यो छलफलको क्रममा धेरै कुरा साथीहरूले उठाइसकेको छ । भनिसकेको छ दोहोऱ्याइ सकेको छ । प्रदेश प्रमुखले पनि यसलाई वाचन गरिसकेको छ । त्यसकारण मलाई अप्ठ्यारो नमान्ने हो भने असाध्यै यो गरिमामय सदनमा यो नीति तथा कार्यक्रम असाध्यै मलाई राम्रो लागेछ । बुँदागत रूपमा मैले अध्ययन गरें । सर्सती हेर्दा प्रत्येक ठाउँमा हेर्दा अत्यन्तै महत्वपूर्ण बुँदाहरू छ । यसले मलाई लाग्छ कि कोही कुनै साथीहरूले राती अध्यरोमा पढेर आएजस्तो लाग्छ फेरि यो बेठिक छ भने देखि मैले ठीक छ भन्दाखेरी मलाई अप्ठ्यारो लाग्छ तर पनि मलाई लाग्छ यो धेरै महत्वपूर्ण छ । आज यो विकासको नीति तथा कार्यक्रम भनेको विकासको मुटु हो । यो नीति तथा कार्यक्रम १० पटक तपाईंले पल्टाएर हेर्नुस् तपाईंले थप्ने बाहेक विगार्ने काहीपनि पाउनुहुन्न । बिगार्ने छ भने तपाईंले देखाउनुस् म त्यसलाई धेरै धन्यवाद दिन चाहन्छु । त्यसकारणले यो नीति तथा कार्यक्रम यो सदनमा प्रस्तुत भएको कार्यक्रम असाध्यै राम्रो छ भन्ने कुरा राख्न चाहन्छु र मेरो दलको तर्फबाट र मेरो तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहन्छु । तपाईंहरूलाई थाहा छ आज हामी सानो मुलुक थोरै जनसंख्या तपाईं १९७८ मा नीति तथा कार्यक्रम र औद्योगिक क्षेत्रको विकास त यिनीहरूले गऱ्यो । त्यसपछि कृषिमा आधुनिकरण गऱ्यो । संसारबाट नीति तथा कार्यक्रम हरेक किसिमका यसले योजनामा सामान तयार गऱ्यो । तर आज संसारमा सबैभन्दा विकसित मुलुक यसैलाई

देखिएको छ । त्यसकारणले यो छिमेकी देशमा बसेर पनि हामी केही सिक्न नसक्दा हामी दुःख व्यक्त गर्दछौं त्यसकारणले हामी गर्छौं भनेर डटेर यो संघीय प्रणालीमा तीन सरकार सदस्यमा पनि प्रतिनिधित्व हामी प्रदेश सरकारलाई पनि म विशेष धन्यवाद दिन चाहन्छु कि यो नीति तथा कार्यक्रम बहुत महत्वपूर्ण छ । यसले विकासको बाटोलाई भरपर्दो बाटो खोलिदिएको छ । समृद्धिको बाटोमा हिँड्न लगाएको छ । त्यसकारणले कुनै साथीहरूलाई अब अहिले कोभिड-१९ को सन्दर्भमा आज नेपालीको स्वास्थ्य क्षेत्रमा के रैछ भन्ने कुरा प्रष्ट भएको छ त्यसकारणले हामी करायर होइन चिच्याएर होइन । हामी अब आफ्नो गन्तव्यतिर हामी सही बाटो निर्कोल गरेर हामी अब स्वास्थ्य क्षेत्रमा ध्यान दिनुपर्ने आजको आवश्यकता देखिन्छ र स्वास्थ्य क्षेत्रमा यो नीति तथा कार्यक्रममा यो प्रस्तुत भएको छ । एकदम राम्रोसँग प्रस्तुत गरेको छ । यस नीति तथा कार्यक्रमले उत्पादन क्षेत्रमा स्थानीय वस्तुको कच्चा पदार्थको उत्पादनलाई ध्यान दिई निर्यात गरेर नै उत्पादन क्षेत्रको बृद्धि गरेर नेपाललाई निर्यातमुखी बनाउनहुन यो नीति तथा कार्यक्रमले यो प्रस्तुत गरेको जस्तो मलाई लागेको छ । अब हामीले भनिरहदा खेरी अब पुरानो किसिमको शैलीमा कृषि उत्पादन गर्ने आजको आवश्यकता होइन । अब आधुनिक किसिमको प्रणालीबाट उत्पादन गरी हामीले कृषिमा दोब्बर उत्पादन गर्न सक्यौं भने मात्रै यसको विकास हुन सक्छ । होइन भने पुरानै प्रणालीमा लाग्ने हो भने अज हामी २० वर्ष पछाडि जाने कुरा म यहाँहरूको जानकारी गराउन चाहन्छु र मैले यो नीति तथा कार्यक्रमको साथीहरूले सबै वाचन गरिरहनु भएको छ मान्नेज्यूहरूले त्यो प्रति पनि म धेरै धन्यवाद दिन चाहन्छु तर पनि यो साथीहरूले अझै पनि नयाँ कुरा ल्याउन सकेनन् कि जस्तो मलाई लाग्यो तर पनि साथीहरूबाट नआएको कुरा पनि म यहाँ राख्न चाहन्छु । तपाईंहरूलाई थाहा छ दक्षिण कोरिया आज एसियाको सबैभन्दा टप निर्यात व्यवसायी हो । निर्यात गर्छ दक्षिण कोरियाले आज दक्षिण कोरिया नेपाललाई योजना दिएको छ । १९४५ मा नेपालबाट दक्षिण कोरियाले आज नेपालीलाई त्यहाँ लगेर तालिम दिएको छ । त्यसकारणले हामी कति पछाडि परेका छौं भन्ने कुरा हामीले मूल्याङ्कन गर्नुपर्छ । अब हामी समयअनुसार समय सन्दर्भ चल्न सक्दैनौं भने अझै पनि हामी पछाडि पर्छौं । हामीलाई जुनै पनि राष्ट्रले हातेमालो गर्न तयार छ । हाम्रो मुख्यमन्त्रीज्यूलाई अमेरिकामा प्रान्तमा चाइनामा विभिन्न ठाउँमा गएर पनि विभिन्न ठाउँमा हेरेर हाम्रो प्रदेशका मुख्यमन्त्रीज्यूले पनि यस गण्डकी प्रदेशलाई अब्बल र सफल बनाउनको लागि ७ वटा प्रदेश भन्दा नमुना प्रदेश बनाउनको लागि लागेको कुरामा हामी सबै छर्लङ्ग छौं भन्ने कुरा यहाँहरूसँग राख्न चाहन्छु । र अब तपाईंहरूलाई थाहा छ आज हामी गरिब मुलुक भन्छौं तर २५ खर्ब रूपैयाँ इन्प्रुभ गर्छ हामी धनी कि गरिब अब यो कुरा मूल्याङ्कन गर्नुपर्छ । त्यसकारणले ३५ अर्ब रूपैयाँ इम्प्रुभ गर्नु छ भने हामी १२ खर्ब इम्प्रुभ गर्‍यो भने विदेशमा भएका नेपाली र स्वदेशमा भएका नेपालीको रोजगार त्यहाँ उपलब्ध हुन्छ । सो

रोजगार १५ खर्ब रूपैयाँ नेपालीले निर्यात गऱ्यो भने नेपाली कहिपनि विरोजगारी हुँदैन भन्ने कुरा यहाँहरूसँग राख्न चाहन्छु । आज नेपालमा आफ्नो उत्पादन र आयातलाई प्रतिस्थापन गर्न सकेको छैन र हामी बेरोजगारी भएर हिँडिराखेका छौं । हामी निर्यातमा जम्मा १ खर्ब ७ अर्ब रूपैयाँ इम्प्रुभ गरेको छ । त्यसमध्येमा २५ लाख नेपालीहरू निर्यात व्यवसायीमा आबद्ध छन् । र कृषि, उद्योग, निर्यात निर्माण र अन्य पेशामा नेपालीहरू ६० लाख नेपालीहरू नेपालमा रोजगारमा काम गरिराखेको छन् । त्यसकारण नेपालमा ७०/८० लाख नेपालीहरू हाम्रै देशमा रोजगार छ । तर ४०/५० लाख रूपैयाँ अझै पनि विदेशमा छ त्यो अब कोरोना भाइरसको कारणले अब फिर्ता हुने अवस्था छ । केही नभए पनि त्यसमा १० लाख मान्छेहरू अहिले व्यवस्था गऱ्यो भने आजको आवश्यकता, हाम्रो जिम्मेवारी हो । हाम्रो काँधमा आएको छ यो कुरा कसैले पनि यो कुरा विर्सनु हुँदैन । तर त्यससाथसाथै नेपालबाट रेन्पोन्स गर्ने इन्टरनेश्नल फाइबर चलेको छैन । समुन्द्रमा सीपहरू चलेको छैन । सरकारले अब व्यवसाय खोज्नुपर्छ त्यो डब्लूएचओ को मापदण्ड अनुसार व्यवस्थापन भएको छैन । काठमाण्डौं कारखाना चल्ने अवस्था छैन । सरकारले चलाउनुपर्छ भन्ने सरकारको दायित्व पनि हो । तर हाम्रो पनि कर्तव्य हो तर पनि अहिले सुरक्षित नभएको कुरा सम्बन्धित यो सदनमा जानकारी गराउन चाहन्छु । अझै पनि व्यवस्थित छैन त्यसकारणले कोरोनाको महामारीका कारणले अझै पनि यो कति दिन लम्बिएर जाने हो कसैले पनि भन्न सकेको छैन । न यसको उपचारको बारेमा थाहा छ, न यसको औषधिको बारेमा थाहा छ, न यो यति दिन लम्बीन्छ भन्ने कुरा थाहा नभएको कारणले अब हामी आफू सचेत हुनुपर्ने कुरा आजको आवश्यकता पनि हो । र नेपालमा पनि लकडाउन पनि बढेको खण्डमा पनि संक्रमितको संख्या बढेको पाइयो । त्यसकारणले हाम्रो गण्डकी प्रदेशमा स्थापित हुँदै थियो तर पनि हाम्लाई छुन आयो वा गण्डकी प्रदेशलाई पनि छुन आयो । त्यसमा पनि अझै पनि हामीले रोक्नुपर्छ भनी सम्बन्धित ठाउँमा राख्न चाहन्छु । माननीय सभापतिज्यू आज धेरै कुरा गर्नु भन्दा पनि अब यो नीति तथा कार्यक्रमलाई अब कस्तो किसिमको बजेट आउछ यो नीति तथा कार्यक्रम अनुसार आउँछ कि आउँदैन यो नीति तथा कार्यक्रम अनुसार इन्प्रिमेन्ट वा रिजल्ट वारेन्टि गर्ने हो भने एक वर्षमा गर्ने हो भने यो अहिलेको बजेटले पनि पुग्दैन एकद ७५ अर्ब रूपैयाँ नेपालको यो गण्डकी प्रदेशले पायो भने यो नीति तथा कार्यक्रम सफल हुन सक्छ । अदरवाइज नो किन ? १० लाखमा निर्माण हुने पुललाई २० लाख लिएर पुल बन्छ भनेर हिँडेर हुन्छ ? त्यसकारणले हाम्रो आर्थिक अवस्था धेरै कमजोर छ । तर पनि यसलाई मिलाएर लानु पनि आजको आवश्यकता पनि हो । त्यसकारणले साथीहरूले यो कुरा गरिरहनु भाछ कि हामीलाई नयाँ योजनै परेन । हामीलाई नयाँ योजना चाहियो, यि कुरा भन्दा पनि अर्थतन्त्र कस्तो छ भन्ने कुरा यथार्थ कस्तो विधिवंश माननीयहरूले नबुझेको त छैन होला ? त्यसकारणले बुझेर पनि नबुझे जस्तो कुरा गर्न

अलि जायज हुँदैन जस्तो मलाई लाग्छ । त्यसकारण अन्तिममा यो नीति तथा कार्यक्रम अनुसार बजेट आओस् र यो वर्षको जाहिँ आर्थिक विकासको लागि यो जति बजेट छिटो गर्नु पऱ्यो । त्यसपछि एउटा कुरा सरकारलाई म के अनुरोध गर्न चाहन्छु भने ! हामीले जिल्लामा र माननीय प्रदेश आफ्नो क्षेत्रमा सब माननीय हो कि होइन भन्ने कुरा अनुमान नै गर्न सक्दैन कर्मचारीको पुरानो तन्त्र र नयाँ किसिमको प्रणालीमा जान नसकेको हो कि ? या हामीले नबुझेको हो कि ? समाजवादी वर्गले नबुझेको हो कि ? त्यसकारणले अलिकति गाह्रो छ समन्वयको अभाव बेस्सरी छ । समन्वय भनेको यसको अर्थै भएन त्यसकारणले प्रदेश सरकारको अन्तर्गत र माननीयको निर्देशन र सल्लाह अनुसार विकास निर्माणमा जुट्नु पर्छ भन्ने म यो सदनमा राख्न चाहन्छु र मेरो आजको यो नीति तथा कार्यक्रमको महत्वपूर्ण नीति तथा कार्यक्रम छ यसलाई समन्वयन र कार्यन्वयनमा ल्याउनको लागि हामी सबैको दायित्व हो यो दायित्वबाट पक्कै पनि साथीहरू विनम्र अनुरोध गर्न पनि म चाहन्छु भन्दै धन्यवाद दिन चाहन्छु ।

**माननीय सदस्य श्री ललीतकला गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, आज नीति तथा कार्यक्रम प्रस्तुत भएर छलफलको हामी दोस्रो दिनमा छौं । माननीय सभामुख महोदय, आज धेरै जनाले छलफलमा भाग लिइ सक्नुभाको अवस्था छ । धेरै परिश्रमका बाबजुद यो नीति तथा कार्यक्रमको निलो किताब हाम्रो हातहातमा आएको छ । हाम्रो परिस्थिति, हाम्रो संस्कार, कस्तो छ भने पक्ष र प्रतिपक्ष आफ्नो पक्षले नराम्रो भएपनि राम्रो भन्नै पर्ने र प्रतिपक्षले भनेका कुरालाई पनि राम्रा भएपनि नराम्रो भन्नै पर्ने हाम्रो जुन यो संस्कार छ र यही संस्कारमा रहँदै र यो छलफलमा भाग लिँदै म यहाँ उपस्थित भएको छु । माननीय सभामुख महोदय, आज हामी एउटा सानो भाइसर कोरोना भाइरस देख्न पनि नसकिने, छाम्न पनि नसकिने जुन किटाणुले आज विश्व आक्रान्ति भइरहेको अवस्था छ आज त्यो रोकको कुनै औषधि फेला पार्न सकिराखेको छैन । यसका सामु विश्व झुकेको अवस्था छ । आज ह्वात्तै नेपालमा पनि यसले आफ्नो वर्चश्व कायम गर्दै आएको छ । र अस्ति मात्रै हामीले यो वैठक, प्रदेश, सरकारले अधिवेशन सुरु गर्दै गर्दा थोरै संख्यामा रहेको नेपाल आज ह्वात्तै माथि पुगेको छ । संक्रमितको संख्या र मृतकको संख्या आज हाम्रो गण्डकी प्रदेशमा पनि संख्या ह्वात्तै बढेको अवस्था छ । यस्तो रोगलाई ध्यानमा राख्दै हामीले कार्यक्रम अगाडि ल्याउनु पर्ने अवस्थामा हामी आफैभित्र रुमलियर हामी आफै भित्र दोहोरी गीताएर आज कार्यक्रममा अल्झिरहेको अवस्था छ । यसलाई किनभने गण्डकी प्रदेश भनेको कसैको पेवा होइन हामी ६० जना माननीयहरू यहाँ उपस्थित छौं । र गण्डकी प्रदेश सरकारले कार्यक्रम ल्याएर यहाँ राम्रो गर्दाखेरी सबैले जश

पाउने हो । प्रतिपक्षले नि जश पाउने हो र सत्तापक्षले नि जश पाउने हो । त्यो आवास प्रतिपक्षलाई नि हुन आवश्यक छ । आज गत साल पनि कार्यक्रमहरू थुप्रै आएका थिए हामीले छलफलका साथ, सुझावका साथ अगाडि बढेका थियौं त्यो अनुभूत हामीले गर्न पाएनौं । किनभने म पनि एउटा प्रदेश सरकारको माननीय मैले पनि ति कार्यक्रमहरू भोगहरू भोग्दै घर जाँदा र यहाँ कार्यक्रममा उपस्थित भै रहँदा मैले पनि त्यो अनुभूत गर्न पाउनु पर्छ । आज माननीयज्यूहरूले यहाँ बसेर कुरिरहँदा खेरी यतिधेरै कार्यक्रमहरू भए मलाई पनि प्रशंसा गर्न मन छ । मलाई कसैको विरोध गर्नु छैन । म आफ्नो सरकारको मुक्त कण्ठले खुलेर प्रशंसा गर्न मन छ तर त्यो अवसर मलाई जुटेको छैन । मैले इमान्दारका साथ भन्नुपर्छ किनभने हाम्रो समाजमा भनाई छ, ‘बाबु भनेको छोरो र जुत्ता लागेको घोडो’ भन्थे हामीले गलतलाई गलत र सहीलाई सही भन्यौं भने भोलि अगाडि बढ्ने बाटो सहज हुन्छ यसलाई सहज रूपमा लिनु पर्छ । आज कोरोना भाइरसको महामारी नेपालमा जबजब प्रवेश गर्दै थियो । यहाँ हामीले सरकारले पनि र स्थानीय सरकार, केन्द्रीय सरकार र संघीय सरकार प्रदेश सरकारले सतर्कता अपनाउँदै क्वारेन्टाइन्डहरू स्थापना गरिएको थियो । क्वारेन्टाइन्डहरू कत्तिको सुरक्षित थिए त ? त्यो अवलोकन त्यसको दायरा कसले चेक गऱ्यो ? आज कहाँ छ रेकर्ड ? आज त्यहि समाजबाट प्रतिनिधित्व गर्ने सम्पूर्ण माननीयजीहरू यहाँ हुनुहुन्छ र म पनि यहाँ छु र यहाँ के स्पष्ट कुरा त्यसको बारेमा आएको छैन । क्वारेन्टाइन्डहरू स्कुलमा बनाइएको छ त्यो कत्तिको सुरक्षित छ त ? त्यहाँ ट्वाइलेट व्यवस्थित छ कि छैन ? बार्थुम व्यवस्थित छन् कि छैनन् ? त्यहाँ सुरक्षा छ कि छैन ? भोलि संक्रमितहरू लगेर बस्ने स्थिति छ कि छैन ? हामीले त्यतातिर ध्यान दिएका छौं कि छैनौं ? त्यो चाहिँ स्पष्ट हुन आवश्यक छ । ती क्वारेन्टाइन्डहरू जति पनि स्थापित छन् थोरैमा सुरक्षित होलान् धेरै जसोमा सुरक्षित छैनन् । र यसलाई सुधार गरेर लैजानु पर्छ भन्ने मेरो सुझाव छ । सरकारले कार्यक्रम ल्याउनुपर्छ यो नियमित कार्यक्रम हो । यो आउनु पर्छ र यो सुधारिएर आउनु पर्छ । मेरो माग र सुझाव हो । किनभने अहिले यो गण्डकी प्रदेशले सुखी नागरिक, समृद्ध प्रदेश भनेर अन्तिम पृष्ठमा जुन लेखिएको छ गण्डकी प्रदेश निर्माणको निम्ति समृद्ध प्रदेश र सुखी नागरिकको प्रदेश र त्यसलाई हामीले लच्छित गरेर कार्यक्रम बनाउने हो भने हामीले अझ गहिरो रूपमा सोचेर पक्ष प्रतिपक्षको कुरालाई समेटेर लैजान आवश्यक छ । नत्र भने यो सपना मात्र हुन्छ भन्ने मेरो ठम्याइ छ । माननीय सभामुख महोदय, आज हामीले गत सालको कार्यक्रम गोठदेखि ओठसम्म, आलिदेखि थालिसम्म धेरै मिठा कार्यक्रमहरू थिए । त्यो हामीले अनुभूत गर्न पाइएन । हामी पनि माननीय हो, अघि भर्खर भन्नुभाको मुख्यमन्त्री कार्यक्रम मेरो जिल्लामा पनि छ पर्वतमा । मैले बोर्डमा देखेको छु । तर त्यो अनुभूत मैले गर्न पाएको छैन । कसरी चलेको छ यहाँ बुझेको छु । यहाँ सुनेको छु राम्रो छ । पक्कै पनि राम्रो होला म विश्वास गर्न चाहन्छु ।

विश्वासमा चलेका छौं र जनता आवास कार्यक्रम के यसमा हुन त प्रत्यक्ष माननीयज्यूहरू यसको संयोजक हुनुहुन्छ, हामी पनि यसको सदस्य हौं समानुपातिक माननीय भन्ने कुरा थियो । न पक्ष न प्रतिपक्ष न समानुपातिक त्यसको मलाई केही थाहा छैन तर त्यसको कार्यक्रममा म उपस्थित भएको छैन । हुँदाहुँदै पनि कार्यक्रम लागू भएका छन् भन्ने मलाई विश्वास छ । पक्कै पनि प्रभावकारी रूपमा अगाडि बढेका होलान् भन्ने विश्वास मात्र छ तर मलाई कार्यक्रमको अनुभूत छैन । ओठ फुट्दा नाइटोमा घ्यू लगाउने मेरो समाज र मेरो संस्कार आज त्यसैमा विश्वास गर्नु त पऱ्यो । मैले सुनेको छु मैले सुनें । त्यत्तिकै रह्यो मैले बुझेको छैन । आज ३ वर्षमा मुख्य कृषि उत्पादनमा आत्मनिर्भर ५ वर्षमा खाद्यान्न उत्पादन दोब्बर भन्ने कार्यक्रम कहाँ छ सायद ३ वर्ष पुग्दै हुँदैछ होला र सायद यो कार्यक्रमको अनुभूत गर्न नपाएको र अर्गानिक कृषि उपज प्रमाणीकरण प्रयोगशाला यसको पनि हामीले पत्तो पाएका छैनौं । र यो कहाँ के भैरहेको छ ? प्रदेश व्यवस्था मञ्च यो हामीले गत सालको नीति तथा कार्यक्रम योजना जुन हाम्ले उसमा पढ्यौं र अहिले हामीले त्यसको अनुभूत गर्न पाएका छैनौं । त्यस्तै सवारीचालक अनुमतिपत्रको पनि त्यस्तो सहज केही व्यवस्था भएको छैन । यसको लागि हामी सहयोग दिएको, हामीले परीक्षा दिएको, ६ महिना वित्दा पनि एउटा सवारी चालकअनुमतिपत्र हातमा पर्न सक्ने स्थिति छैन । यसको लागि गण्डकी प्रदेशले सायद मैले बुझ्दाखेरी ५ करोड यराउण्ड पर्छ भन्ने बुझेको थिएँ । त्यसलाई त्यो डिजिटल मेशिन किनेर छिटो र छरितो रूपमा त्यो हामीले अनुमतिपत्र वितरण गर्न सक्थ्यौं । त्यसको बारेमा ध्यान नगएको मैले बुझेको छु । त्यसप्रति म सभामुख मार्फत प्रदेश सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु । र कर्मचारीलाई पुरस्कार दिने कुरासम्म उपलब्धिको रूपमा आउनु गलत मेरो ठम्याइँ छ । र थुप्रै कार्यक्रमहरू कपि र कलम पेश भएर आएका छन् सायद परिस्थिति त्यो बनेको होला । किनभने हामीले जति पनि कार्यक्रम अन्तिमअन्तिममा हुने गर्छन् र अन्तिमअन्तिममा हामीलाई परिस्थितिले साथ नदिएको अवस्था छ । त्यो भएर पनि न्यू भएको छ । यसको लागि म ध्यान आकर्षण गराउन चाहन्छु । र आज जुन कोरोना भाइरस अनि डेङ्गो अन्य थुप्रैथुप्रै नयाँ रोगहरू गर्मीको समयमा आएको छ । यस्तो अवस्थालाई मध्य नजर गर्दै जुन ११ वटा गाडि किन्ने जुन त्यो ठूलो कुरा होइन यसको भन्दा पनि जुन पिसिआर मेशिन र सुरक्षित क्वारेन्टाइन्ड, सुविधासम्पन्न हस्पिटल, जिल्लाहरूमा हस्पिटलहरू यो हुन आवश्यक थियो कि ? सरकार ! भन्दै म सभामुख मार्फत प्रदेश सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । र हाम्रो मलाई एउटा गीतको याद आउछ त्यसको लागि म क्षमा पनि गर्न चाहन्छु हुनत काम गर्नेले धेरै काम गरेजस्तो लाग्छ हामीलाई काम गरेको हामीले कुनै अनुभूत गर्न सकिएन भने हामीलाई पीडा पनि हुन्छ । र मलाई याद आउछ सायद रामकृष्ण ढकालको गीत हो कि जस्तो लाग्छ भगवान्ले हेर्छन् भन्थे तिम्रो भगवान्ले हेरेको पनि देखियो, हामी २ वर्ष झण्डै

साढे २ वर्ष दौडानमा छौं तर थोरै पनि अनुभूत गर्न पाएका छैनौं हामीले लिएको समृद्ध समाज र सुखी नेपाली प्रदेशको अनुभूत गर्न पाइयोस् यो लक्ष्य छिट्टै पूरा गर्न पाइयोस् भन्दै आफ्ना भनाइहरू अन्त्य गर्न चाहन्छु धन्यवाद ! जयनेपाल !

**माननीय सदस्य श्री इन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुखज्यू, आज हामी यो गरिमामय सदनमा गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम माथि छलफल गर्नका लागि उपस्थित भैरहेका छौं ।  धेरै माननीय सांसदहरूले यस विषयमा आफ्ना विचारहरू प्रस्तुत गर्नुभएको छ । मैले पनि सर्सती यो ४७ पृष्ठको नीति तथा कार्यक्रम र १८६ वटा बुँदा र उपबुँदामा गरेर विस्तृत रूपमा व्याख्या गरिएको यो नीति तथा कार्यक्रम अध्ययन गरें । र मैले सँगसँगै विगतका कार्यक्रमहरू आर्थिक वर्ष ६७/७७ ७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त गरें । र धेरै माननीय सांसदहरूले भन्नुभयो म यो कपि जस्तै छ । मलाई एकदम खुशी पनि लाग्यो । यो गण्डकी प्रदेश सरकार ६ महिना, ८ महिना, ९ महिना २ वर्षका निम्ति बनेको सरकार होइन । यो प्रदेशको स्थायित्वका निम्ति, समृद्धिका निम्ति र गण्डकी प्रदेशको विकासका निम्ति जनताको ५ वर्ष अभिमत लिएर उपस्थित भएको छ । स्वभाविक ढङ्गले मैले पृष्ठभूमि देखिनै केलाएँ वास्तवमा यसले आफ्नो नीति तथा कार्यक्रमलाई कपि होइन एउटा ७५/७६, ७६/७७ र ७७/७८ को एउटा निरन्तरताको जगमा एउटा क्रमिकताको जगमा पुनर्परिभाषित गरेको छ । यो मानेमा मैले गण्डकी प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यदि यसो नगरेको भए हामी यो सरकार माथि प्रश्न चिह्न खडा गर्थ्यौं आज एउटा भन्याछ अर्को गऱ्याछ, भोलि अर्को भन्याछ अर्को गऱ्याछ, भनेर हामी प्रश्न चिह्न खडा गर्थ्यौं । यस मानेमा मैले हार्दिक धन्यवाद दिन चाहन्छु । मुलुक विशम परिस्थितिमा छ तपाईं हामी कसैले पनि यसलाई कल्पना गरेका थिएनौं । यो मुलुक कोरोना भाइरस कोभिड-१९ को महामारीमा विश्व यतिबेला सन्त्रास फैलिरहेको छ । आज झण्डै पुगनपुग १८११, २ हजारको हाराहारीमा नेपाली जनताहरू संक्रमित हुन पुगेका छन् । ८ जना भन्दा बेसी नेपाली जनताहरू सादत् प्राप्त गरेका छन् । यो संघारमा वास्तवमा गण्डकी प्रदेश सरकारले आफ्नो बुँदा नं. १ मा कार्यक्रम १ नं. मा पहिलो प्रतिबद्ध जाहेर गरेको छ । प्रदेशवासी जनताको रक्षा गर्ने कुरा र यो कोरोना भाइरस कोभिड-१९ का कारणले अर्थतन्त्रमा परेको जुन नकरात्मक प्रभाव छ । प्रदेशवासीहरूको जुन मानसिकतामा परेको एउटा डर, त्रास, आतंक र मन एउटा त्रसादीपूर्ण रूपमा रहेको अवस्था छ र यसले सिर्जित गरेको लकडाउनलाई गरेका यि सबै गतिविधिलाई हाम्रो अर्थतन्त्र दिनप्रतिदिन अत्यन्तै भयावह, डरलाग्दो स्थिति तर्फ जाँदै छ । त्यसकारण बुँदा नं.

१ मा यसले प्रष्ट गरेको छ । प्रदेशवासीको जीवन रक्षा गर्ने र यो सुस्ततातर्फ अगाडि बढेको अर्थतन्त्रलाई कसरी चलायमान गर्न सकिन्छ भन्ने कुरा यसले आफ्नो प्रतिबद्धा जाहेर गरेको छ । दोस्रो नम्बरमा यसले पृष्ठभूमि नै प्रष्ट गरेको छ । नेपालको संविधान मुतादी हामी लोकतान्त्रिक मूल्यमान्यताको जगमा समाजवाद निर्माणप्रति प्रतिबद्ध छौं । तर हामी नीति तथा कार्यक्रम पढ्दा समाजवाद भेटेनौं भनेर आत्तिनु पर्दैन । आज हामी समाजवादको जगमा छैनौं हामी पुँजीवादको प्रारम्भिक चरणमा मुलुक प्रवेश गरेको छ र हामीले पुँजीको सुदृणीकरण गर्दै राष्ट्रिय अर्थतन्त्रको मजबुदीकरण गर्दै हामीले समाजवादका निम्ति आधार निर्माण गर्नुपर्ने छ त्यो आधारका निम्ति त्यो समाजवाद लोकतन्त्रमा आधारित हुनेछ । लोकतान्त्रिक मूल्यमान्यतामा आधारित हुनेछ भन्ने कुरा दोस्रो प्रतिबद्धतामा यसले आफूलाई जहजायर गरेको छ । तेस्रो कुरा राष्ट्रियताको सन्दर्भमा गण्डकीवासीहरूको एकेबद्धता जाहेर गरेको छ । यो मानेमा मैले सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । दोस्रो बुँदामा यसले विगतका कामको वस्तुनिष्ठ समीक्षा गरेको छ । भौतिक पूर्वाधारको क्षेत्रमा के गऱ्यौं । उद्योगको क्षेत्रमा के गऱ्यौं, शिक्षाको क्षेत्रमा के गऱ्यौं, सामाजिक विकासको क्षेत्रमा के गऱ्यौं । त्यतिमात्रै होइन भर्खरै गण्डकी प्रदेश सरकारले साँचो अर्थमा संघीयतामा प्रदेशको अनुभूति दिलाउन आफूलाई अगाडि बढाएको छ । हामीले आज टोलटोलमा, गाउँगाउँमा, बस्तीबस्तीमा चाहे १ घर १ धाराको नाममा होस्, चाहे उज्यालो प्रद्रेशका नाममा होस्, चाहे निर्वाचन क्षेत्र सडकका नाममा होस् चाहे जिल्ला स्तरीय सडकका नाममा होस् या आधारभूत खानेपानीका नाममा होस् या जनता आवजको काममा होस् सबै कार्यक्रमको यो समीक्षालाई हामी सर्सती पढ्यौं भने प्रदेश सरकार सिंह दरबारको अधिकार तपाईंको घरदैलोमा आउँदै छ भनेर जुन हामीले वाचन गरेका थियौं वास्तवमा यो पोखराको सरकार आफ्नो ११ जिल्लाका सबै बस्तीहरूमा प्रदेश सरकारको अनुभूति दिलाउन सफल भएको छ यो मानेमा यसले आफ्नो वस्तुनिष्ठ सेवा पस्किन सफल भएको छ । यसका निम्ति हार्दिक धन्यवाद दिन चाहन्छु । यो सरकार ३ वटा कुराको चापमा छ । एकातिर निराशमा परेका जनतालाई आशा जगाउनु पर्ने छ । अर्कोतिर अर्थतन्त्र दिन गनेर ओरालो लाग्दै छ । चौपट बन्दैछ । हाम्रो राजस्व हुन छाडेको छ । मुलुक सिङ्गो विश्व लकडाउनमा छ । मुलुक लकडाउनमा छ । यसको प्रभाव हाम्रा अर्थतन्त्रमा देखिन थालेका छन् । जनतामा सरकारप्रति निराशा होइन कसरी आशा दिलाउन सकिन्छ जनतालाई कसरी आशाको दियो सञ्चार गर्न सकिन्छ ? यो चुनौती सरकारको बीचमा थियो । त्यसकारण यो कोभिड-१९ विश्व महामारीलाई आफ्नो नीति तथा कार्यक्रमको अग्रपृष्ठमा यसको रोकथामको कुरा गरेको छ, नियन्त्रणको कुरा गरेको छ । उपचारको कुरा गरेको छ । हस्पिटलको समृद्ध कुरा गरेको छ । भौतिक संरचनाको कुरा गरेको छ । त्यति मात्रै गरेको छैन यसले यो बीचको अवधिमा के के गऱ्यौं भनेर रिस त थोरै भए पनि पस्केको छ । त्यसकारण सबैभन्दा बेसी

नीति कार्यक्रममा जोडिएको कोभिड-१९ कै बारेमा छ । त्यसकारण कतिपय ठाउँमा यो कोभिड-१९ छोएन कि पुगेन कि जुन कुरा उठिरहेको छ । सरकारले आफ्नो औकात र लागत आफ्नो स्रोत र साधनका आधारमा अधिकतम प्रयोग गरेको छ । यो मानेमा पनि मलाई लाग्छ हामी अन्दाज गर्न सक्दैनौं त्यसकारण यसले आफ्नो समीक्षा ठीक र वस्तुनिष्ठ ढङ्गले अगाडि सार्दै जनतालाई विगतका कार्यक्रमहरूको निरन्तरता र केही आगामी कार्यक्रमहरू पस्केर रक्त सञ्चार गर्ने प्रयत्न गरेको छ । प्रदेशवासी जनसमुदायलाई निराश नहुनका लागि अपिल गरेको छ । सरकार तपाईको साथमा छ हामी थोरै भए पनि तपाईंको मनोविज्ञान बुझ्छौं नआत्तिनुहोस् यो कोभिड-१९ हामी प्रास्त गर्छौं र फेरि पनि नव नेपालको निम्ति नव प्रदेशका निम्ति विकसित प्रदेशका निम्ति हामी तयार छौं भन्ने कुरा संकेत गरेको छ । यसका निम्ति म हार्दिक धन्यवाद दिन चाहन्छु । केही नयाँ कार्यक्रमका सन्दर्भमा यसले वास्तवमा स्वास्थ्य विमाको कुरा गरेको छ । यसले वास्तवमा हाम्रै प्रदेशको वाग्लुङको कालिमाटीमा जन्मेका भगश शेरजितका नाममा यसले पहिलो पटक सम्झेको छ । र सीप विकासका अनेकौं कार्यक्रमहरू अगाडि सार्ने कुरा गरेको छ । यसले सुखद मूल्य कार्डको कुरा गरेको छ । यसले वास्तवमा व्यवसायिक बृद्धिका निम्ति एउटा फन्ट बनाउने कुरा यसले गरेको छ । र गण्डकी प्रदेशको योजना बैंकका निम्ति यसले विकास प्राधिकरणको कुरा गरेको छ । यसले केही आशा दिलाएको छ यसले केही उत्साह पैदा गरेको छ । केही प्रदेशवासी जनताहरूलाई वास्तवमा यो कोभिड-१९ लामो समय छैन यसलाई हामी निश्चित प्राजित गर्छौं र फेरि पनि हाम्रो यात्रा सुन्दर छ भन्ने कुरा परिकल्पना गरेको छ पस्कन सफल भएको छ । यति हुँदाहुँदै मैले यसमा केही सुझाव दिन चाहन्छु । वास्तवमा नीति कार्यक्रम सबै पढ्दा सरकारले चाहे दलितका सन्दर्भमा होस् चाहे महिलाहरूको सन्दर्भमा होस् चाहे अल्पसंख्यकको सर्न्दभमा होस् चाहे भूगोलले पछाडि परेको क्षेत्र र समुदायको सन्दर्भमा होस् । यसले अत्यन्तै समेट्न प्रयत्न गरेको छ । भौतिक पूर्वाधारको क्षेत्रमा, उद्योगको क्षेत्रमा, सामाजिक विकासको क्षेत्रमा, कृषिको क्षेत्रमा मैले अनुदानको सन्दर्भमा थोरै बोल्नु पऱ्यो । सरकारले किसानलाई केही गरेन हामी चिच्यायौं अनुदान दियो फेरि प्रसार भो हामी चिच्याउँदै छौं । हामी कसैले केही भन्न सकेनौं । कृषिलाई हामी कसरी जनताको आँगनसम्म पुराउन सक्छौं सरकारको अनुभूति हामी यान्त्रिकरणको कुरा गरेका छौं, वैज्ञानिक कुरा गरेका छौं । चक्लावन्दीको कुरा गरेका छौं । बिउ मलको कुरा गरेका छौं । हामी धेरै कुरा गरेका छौं । त्यति हुँदाहुँदै पनि विगतमा जे गऱ्यौं मलाई लाग्छ ति किसानकै बीचमा पुगेको छ । कृषकका बीचमा पुगेको छ । वास्तवमा त्यसले कृषकको मनोबललाई उठाएकै छ तर यतिले पुगेन खाली सभा नीति मात्रै हो त्यसकारणले हामीले चाहे वातावरण मैन्त्री नमुना गाउँका कुरा गरौं यी सबै कुराले हाम्रो कृषिको क्षेत्रमा हामीले जे गरेका छौं पश्चताप मान्नुपर्ने पछुताउनु पर्ने गिल्ती फिल

गर्नु पर्ने छैन । तर यतिले पुगेन अझै यसलाई हामी जोड दिनुपर्ने छ । सरकारले नीति कार्यक्रम कोभिड-१९ पछाडि कृषिलाई राखेर आएको छ । यसका निम्ति पनि म हार्दिक धन्यवाद दिन चाहन्छु । तर एउटा कुरा म समीक्षको रूपमा यो रोष्टमा म उभिएर सत्ता पक्ष र प्रतिपक्षका बीचमा मात्रै होइन हामी वस्तुनिष्ठ समीक्षा गर्ने ठाउँमा छौं । वास्तवमा नीति तथा कार्यक्रम आफैमा सुन्दर छ । यसले सबै पक्ष केलाउने प्रयत्न गरेको छ । निरन्तरताको जगमा पनि छ । लोकतान्त्रिक मूल्यमान्यताको जगमा पनि छ । संविधानको प्रस्तावनालाई पनि यसले राम्रो गरी पक्डेको छ । तीन खम्बे अर्थनीतिलाई पनि यसले राम्रो गरी समातेको छ । त्यति हुँदाहुँदै पनि हामी राजश्व संकलनको क्षेत्रमा कमजोर छौं । आज प्रदेशको आम्दानी बढाउन सकिराखेका छैनौं । खर्च बढेको छ आम्दानी बढाउन सकेका छैनौं । हामीले १०/१० महिना विगत देखि अहिलेसम्म हेर्दा योजना छुट्यायौं नीति बनायौं खर्च गर्न सकेनौं कहाँ नेर समस्या छ हामी सोच्न जरुरी छ । सुशासनको क्षेत्रमा म व्यक्ति कोड गर्न चाहन्न फेरि पनि हामीमाथि प्रश्न चिह्न छ । जनप्रतिनिधि माथि प्रश्न चिह्न छ, कर्मचारी माथि प्रश्न चिह्न छ । हामीले सुशासनको क्षेत्रमा जनतालाई अनुभूति दिन सकेनौं यसको बारेमा यहाँ वस्तुनिष्ठ कुरा गर्न जरुरी छ । संविधानले परिकल्पना गरेको सहकार्य स्थानीय तह र केन्द्र सरकारसँग जुन तहको सहकार्य हामीले परिकल्पना गरेका छौं । नीति कार्यक्रमले परिकल्पना गरेको छ । यसलाई कसरी व्यवहारिक रूप दिन सक्छौं ? यी ४/५ वटा कुरा सुशासनका क्षेत्रमा आयोग कलेक्सन गर्ने क्षेत्रमा र सुशासन प्रत्याभूत गर्ने क्षेत्रमा ध्यान पुऱ्यायौं भने हामी सफल र जनताको आशा पूरा गर्न सक्ने सरकारको रूपमा प्रस्तुत हुन सक्छौं । हस् धन्यवाद !

**माननीय सदस्य श्री विष्णुप्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, हामी आज एउटा महत्वपूर्ण दिनमा छौं । यो प्रदेशको १ वर्षको भविष्य यो किताब भित्र समेटिएको र दीर्घकालिन भविष्यसमेत यो नीति तथा कार्यक्रममा समेटिने गरी आउनु पर्ने दिन यो महत्वपूर्ण दिन जसले ती जनता जो साँझ विहान हातमुख जोर्ने समस्यामा छन् । तिनको भविष्य कोर्ने दिन र त्यसैका बारेमा छलफल गर्ने दिने यहाँ उपस्थित भएका छौं । म सबभन्दा पहिला आजको यो महत्वपूर्ण दिनमा मुलुकमा गणतन्त्र स्थापनार्थ साहदत प्राप्त गर्नुहुने सम्पूर्ण आदरणीय सहीदप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । यो परिस्थितिसम्म ल्याउनु हुने सम्पूर्ण आदरणीय नेताहरूलाई म

सम्मान व्यक्त गर्न चाहन्छु । सम्झिन चाहन्छु । मुलुक विशम परिस्थितिमा छ कोरोना भाइरसले विश्व आक्रान्त बनेको छ । विश्वमा यसैका कारण धेरैले ज्यान गुमाउन परेको अवस्था छ । म नेपाल लगायत सबै कोरोनाका कारणले मृत्यु बरणमा पुग्ने सम्पूर्ण आदरणी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूलाई हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । संक्रमितहरूलाई शीघ्र स्वास्थ्य लाभको कामना छिटो साच्चीनै कोरोनालाई जितेर फर्किनु भएको छ । म उहाँहरूलाई बधाइ दिन चाहन्छु र सबैलाई यो विशम परिस्थितिमा उच्च मनोबलको साथ धैर्यताको साथमा रहन पनि हार्दिक अनुरोध गर्न चाहन्छु । सभामुख महोदय, मेरो हातमा यो २०७७/०७८ को नीति तथा कार्यक्रम छ । भनौं सम्दीको चित्त दुख्ने नभनौं छोरीको नाक बुच्चै भनेजस्तो मैले यसमा अध्ययन गर्दा पाएँ । वास्तवमा मैले सर्सती हेरें । ऐले पनि यो नीति र कार्यक्रम समय सापेक्ष आएन कि भन्ने मलाई लाग्छ । वास्तवमा अहिलेको परिस्थिति के हो ? यो परिस्थितिले निर्माण गरेको समस्या के हो ? त्यो सँग जुध्न सक्ने किसिमको नीति र कार्यक्रम आएन कि भन्ने मेरो ठम्याइँ छ । अहिले साँच्ची नै मुलुक कोभिड-१९ को कारण थिलोथिलो परेको अवस्था छ । पहिलो प्राथमिकता भनेको ती जनता जसले सरकारको अपेक्षा गरेर बसिराखेका छन् । जो अहिले पनि पीडामा छन् । तिनलाई कसरी स्वास्थ्य उपचार पुऱ्याउने, तिनलाई कसरी राहत पुऱ्याउने? व्यवस्थापनलाई कसरी राम्रो बनाउने खालको त्यतातिर अलिधेरै आएको देखिएन आएको छ तर त्यति धेरै आएको होइन । धेरै ध्यान नदिएको जस्तो मलाई लाग्छ । दुर्भाग्य छ अहिले पनि हाम्रो क्वारेन्टाइन्ड, हाम्रो चाहिने गर्वका साथ भनेका छौं हामीले यति व्यवस्था गरेका छौं । हामीले यतिवटा अस्पताल छ, यति आइस्यूलेसन छ, यति बेड छ, यतिवटा क्वारेन्टाइन्ड छ । यसरी गरिराखेका छौं भनेका छौं ? तर दुर्भाग्यको साथ मैले यहाँ भन्नुपर्छ क्वारेन्टाइन्डमा बस्ने व्यक्तिले आत्महत्या गर्ने वातावरण कसरी सिर्जना भयो ? क्वारेन्टाइन्डमा बस्ने व्यक्तिहरू भाग्नुपर्ने परिस्थिति कसरी सिर्जना भाको छ ? खै हाम्रो व्यवस्थापन कहाँ नेर छ ? हामी कहाँ नेर चुक्यौं ? समीक्षा गर्नुपर्छ । मैले अस्ति पनि भन्याथें पहिलो हाम्रो काम भनेको जनतालाई बचाउने हो । जनतालाई बचाउन सकिएन भने हामीले गरेका सबै काम व्यर्थ हुन्छन् । हाम्रो पहिलो प्राथमिकता भनेको जनता हो । अहिलेको परिस्थितिमा अहिलेको सबै भन्दा महत्वपूर्ण तत्व भनेको जनताको स्वास्थ्य हो । विदेशबाट धेरै दाजुभाइहरू आउँदै हुनुहुन्छ । फर्केर आइसक्नु भाको छ उहाँहरूलाई व्यवस्थापन गर्नु सुरुको भरपर्दो कुरा हो । गर्नुपर्छ उहाँहरूलाई विश्वास हुने भन्ने किसिमको मेरो सरकार छ । मेरो सरकारले हामीलाई केही गर्छ र मलाई केही गर्छ भन्ने परिस्थिति आउनु पर्ने हो । त्यो कुराहरू पनि यसमा खासै झल्केको पाइँदैन । अझै अर्को कुरा त यो विशम परिस्थिति छ हाम्रो काम भनेको यो प्रदेशलाई कसरी आत्मनिर्भरतिर लैजाने भन्ने कुरा जरुरी छ । हामीले सबै कुरा गरेर हुँदैन । गम्भिर हुनुमा सोच्नु पर्छ खै त हामीले यो

यो गऱ्यौं भने हाम्रो प्रदेशलाई आत्मनिर्भर बनाउन सक्छौं भन्ने योजनाले खै त त्यो किसिमको नीतिहरू खै त हामीले दैनिक गर्ने किसिमका कुराहरू मैले फेरि पनि भन्छु हिजोलाई देखेर आजको नीति र कार्यक्रमको परिस्थिति फरक छ त्यसैले आजको नीति र कार्यक्रममा सुधार आउनु पर्थ्यो । हामीलाई यो कोरोनाले एउटा अवसर पनि दिएको छ । हामी आफै आत्मनिर्भर बन्नुपर्छ भन्ने कुरा पनि सिकाएको छ । अर्को हाम्रो कार्यक्रम त्यतातिर लक्षित हुनुपर्छ भन्ने मलाई लाग्छ । मैले सुकुम्बासीको बारेमा कहि कतै त्यो घटना बारे बोले हो कि जस्तो भइराखेको परिस्थिति छ । हाम्रो संविधानमा उल्लेख छ । संविधानको १३ औं मा यो संयुक्त कार्य अन्तर्गत प्रदेश सभाको पनि अधिकार छ । ती सुकुम्बासीहरू जो भूमिहिन छन् जसले आफ्नो नाउँमा एक दुर पनि जमिन नभाको परिस्थिति छ जसको उसको बारेमा प्रदेश सरकार बोल्नु पर्दैन यो नीति र कार्यक्रममा ती सुकुम्बासीको बारेमा कहि कतै उल्लेख गर्नु पर्दैन ? ती सुकुम्बासी हाम्रा जनता होइनन् ? अब हामी सुकुम्बासीको बोटै नचाहिने सुकुम्बासीलाई जनतै नगन्ने परिस्थितिमा पुग्यौं । मेरो अनुरोध छ ती सुकुम्बासी साँच्चै सुकुम्बासीलाई चाहिँ उर्जाको मालिक बनाउने परिस्थिति आउनुपर्थ्यो प्रदेश सरकारले ती सुकुम्बासीहरूलाई फेरि पनि भुलेको छ । मेरो निवेदन यही रहन्छ, बजेट आउँदा त्यो किसिमको बजेट आओस् कृषि साँच्चीकै हाम्रो आत्मनिर्भर हुने अर्को पाटो नै कृषि हो । हामीले गरिने कृषिमा लगानी वैज्ञानिक हुन जरुरत छ । उत्पादन गर्नु पऱ्यो र पहिला त्यसलाई बजारीकरणको व्यवस्था गरिनु पर्छ । अनुदानका कुराहरू हामीले हिजो हेऱ्यौं धेरै अनुदानहरू गए त्यसको प्रतिफल के भयो एकपट त्यसको फस्यूर्ट भयो ? त्यसको अनुगमन भयो कि भएन कसले गाई कति पाल्यो कति ल्यायो कति के गऱ्यो । त्यसको लेखाजोखा नै छैन । त्यो अनुगमनको पाटो पनि खासै फरक होइन हामीले जति काम गरे पनि अनुगमन राम्रो भएन भने यसले प्रतिफल दिँदैन भन्ने मलाई लाग्छ । अर्को एउटा हाम्रो लागि चुनौति बसाईसराई नै हो । बसाईसराई गर्ने किसिमका कार्यक्रमहरू मैले यहाँ कहि कतै देखिन । कहि गाउँ रित्तो भाको छ त्यो गाउँलाई रित्तो नबनाउनको लागि त्यही गाउँमै फर्कुफर्कु त्यही गाउँमै बसौंबसौं भन्ने किसिमको कार्यक्रम हामीले बनाउनु पर्दैन ? अब गाउँलाई हराभरा बनाउनु पर्दैन हामीले ? त्यतातिरको त्यो बारेमा पनि यो नीति तथा कार्यक्रमले कहि बोलेको छैन । अर्को मलाई गजब लाग्यो यो पहिलो वर्ष पोखराबाट हाम्रोतिर जाने बाटो त्रिवेणीसम्मै पुग्यो पहिलो वर्षको नीति र कार्यक्रमले त्रिवेणी नै पुऱ्यायो । अर्को अघिल्लो वर्षकोले चाहिँ दुम्कीबाससम्म पुऱ्यायो । अहिले त्यो त त्यही समाप्त हुन्छ । अहिले घटेर अहिलेको नीति र कार्यक्रमले पोखराबाट जाने अरुणखोलासम्म अलि छोटिएर अरुणखोलासम्म पुगेछ त्यो दुम्कीबासी त्रिवेणीको जनतालाई बाटो चाहिँदैन अब ? त्यो त्रिवेणीको जनतै चाहिँदैन हामीलाई ? हामीले बिर्सी सक्यौं हिजोसम्म हामीले त्रिवेणी त्रिवेणी त्रिवेणी भनेर जसरी चिच्यायौं सरकारले पनि

त्रिवेणीको बारेमा साँच्चीनै केही गर्ने हो कि भन्ने मलाई लाग्याथ्यो । अब त्यो बाटो हुँदाहुँदा त अब त्यो बाटो घटेर दुम्कीबास अनि त्यसपछि अहिलेको वर्षमा अरुणखोला आएको परिस्थिति छ । त्यसैले त्यो त्रिवेणीका जनता जो साँचैनै अब यसलाई अन्यथा नसोचौं गण्डकी प्रदेश उपनिवेश जस्तो भएर त्यहाँ बसेका छन् । आफ्नो पालिकाको सदरमुकाममा आउन पनि अर्को प्रदेश भएर आउनु पर्छ त्यसको लागि प्रदेश सरकारले पहल गर्नु पर्दैन ? त्यसको जिम्मेवारी हाम्रो होइन ? खै त आज त्यो पनि छोटिँदैछोटिँदै मलाई लाग्छ भोलि दोभारी सम्म आउँला पर्सि अर्को वर्ष अलि यता चामुङसम्म आउला अर्को वर्ष भिमादसम्म आएर खोलामा थन्कीने अवस्था भए पनि यसले राम्रो काम गर्दैन कम्तिमा पनि त्रिवेणीका जनताले हामी गण्डकी प्रदेशका मान्छे हौं नहलपुरका जनताले हामी पनि गण्डकी प्रदेशका मान्छे हौं भनेर गर्वगर्ने किसिमको कार्यक्रम गर्न जरुरी छ, सभामुख महोदय, बजेट अघि १ जना सत्ता पक्षकै माननीयजीले भन्नु भो साँच्चीकै चित्त बुझ्यो हामीले पनि भनेको त्यही हो । यो नीति र कार्यक्रम अनुसार काम गर्ने हो भने बजेट त कति चाहिन्छ कति चाहिन्छ वास्तवमा उहाँले ठिकै भन्नु भो ? हामीले भन्या त्यही हो हामीले जे गर्न सकिन्छ त्यही कुरा गर्नुपर्छ गर्न नसक्ने कुरा गरेर जनतालाई झुक्याउने कामतिर हामी लाग्नु हुँदैन । किनभने जनताले हामीले बोलेका कुरा विस्तारै विश्वास गर्न छोड्दै गयो भने आज अलिकति छुट्छ हुँदाहुँदा यो संघीयताप्रति नै विश्वास छुट्छ । त्यसैले गर्न नसकिने कामलाई हामीले गर्नै नसकिने कामलाई यो पनि गर्छौं त्यो पनि गर्छौं त्योसो नभन्नुहोस् । जेजे काम गर्न सकिन्छ जेजे ठोस काम गर्न सकिन्छ त्यही काम गरौं । हुन त गर्नै नसकिने योजनाहरू जति ल्याउँदा पनि हुन्छ । अघिल्लै वर्षका कार्यक्रमहरू थुप्रै कार्यक्रमहरू अहिले पनि काम लागेका छन् । अझै पनि ठेक्कामा नगाका धेरै योजनाहरू छन् । यो नीति र कार्यक्रमको झन्झटिलो कामलाई सहजीकरण गरेर छिटो काम गर्ने वातावरण बनाइने छ भनेर यो नीति र कार्यक्रमले बोल्नु पर्दैन खोइ त सुशासनको प्रत्याभूति गर्ने किसिमका सुशासन कायम गर्छौं होइन त्यो प्रत्याभूति दिनको लागि कस्ता कार्यक्रमहरू चाहिन्छ त्यो कार्यक्रमहरू उल्लेख हुनु पर्दैन सभामुख महोदय ? त्यसैले अहिलेको नीति र कार्यक्रमहरू अघि मैले सुरुमै भनेजस्तो भनौं सम्दीको चित्त दुख्ने नभनौं छोरीको नाक बुच्चै भन्या जस्तै भाकोछ । हामी कोरोनाको महामारीमा छौं । काम थुप्रै गरेको थाहा भयो यो सरकारको तर्फबाट तर जिल्लामा अन्य माननीयज्यूहरूलाई के छ मलाई थाहा छैन जिल्लामा प्रदेश सरकारले के काम गऱ्यो भन्ने थाहा छैन । त्यहाँ प्रदेश सदस्यको कहि कतै अलिकति भूमिका हुनु पर्दैन सभामुख महोदय? कम्तिमा यो प्रदेशले गरेको काम हो । यो जिल्लामा यो प्रदेशले यो काम गरेको छ । कोरोनाको बारेमा यो काम गरेको छ भन्ने कुरा थाहा हुन पर्दैन सभामुख महोदय ? यसले के बुझाउछ भन्दा प्रदेश सभाका सदस्यहरू भूमिका विहिन हुँदा काम राम्रो हुन्छ भन्ने मान्यता छ । धन्यवाद जय नेपाल !

**माननीय सदस्य श्री दिल माया रोक्का मगरलाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सभामा प्रदेश प्रमुख माननीय अमिक शेरचनद्वारा २०७७ जेठ १८ गते प्रस्तुत गण्डकी प्रदेशको आर्थिक वर्ष २०७७/०७८को नीति तथा कार्यक्रमका निम्ति हामी हिजो देखि छलफलको क्रममा जुटिरहेका छौं । सर्वप्रथम त यो सम्मानित सभाको छैटौं अधिवेशनसम्म आइपुग्दा प्रजातन्त्र, लोकतन्त्र र राजतन्त्रको अन्त्यसहित गणतन्त्र प्राप्तिसम्मको संघर्ष र संकलनहरू धेरै जनयुद्ध, जनआन्दोलन लगायत विभिन्न कालखण्डमा परिवर्तन र मुक्तिको सपना सहित आफ्नो प्राण उत्सर्जन गर्ने महान सहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । त्यसैगरी घाइते अपाङ्गता योद्धाहरूप्रति सम्मान व्यक्त गर्दछु । र यति वेला विश्वव्यापी महामारीको रूपमा रहेको कोभिड-१९ को कारण मृत्यु हुने मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै संक्रमित सम्पूर्णप्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । आफ्नो दिलो ज्यानलाई साँची राखेर प्रत्यक्ष भीडमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, पत्रकार, प्रदेश सरकार, सम्पूर्ण जनप्रतिनिधिहरू लगायत समाज सेवामा खटिने सम्पूर्णमा सम्मान व्यक्त गर्दछु । यो संकटको बेला सबै सम्मेमित बनौं ! परिस्थिति जस्तो सुकै होस् मनस्थिति बलियो बनाऔं ! जो जहाँ छौं सबै सुरक्षित बनौं भन्दै असामान्य परिस्थितिको बीचमा आएको आर्थिक वर्ष ७७/७८ को नीति तथा कार्यक्रमप्रति आफ्नो बुझाइ राख्ने अनुमति चाहन्छु ।

सभामुख महोदय, नीति कार्यसम्पादनको मार्गदर्शन हो । मानिसको दृष्टिकोण र व्यवहारको आधार पनि हो । र मानिसका दृष्टिकोण लिखित वा अलिखित नीतिबाटै निर्दिष्ट हुन्छन् । अझै भन्नुपर्दा लोकतान्त्रीक राज्य व्यवस्थाको सौन्दर्य भनेको नीति प्रदान शासन हो । त्यसैले यो विशम परिस्थितिको बीचबाट पनि नागरिकलाई समान अवसर र कार्यसम्पादनमा निष्पक्षतासहित प्रदेशको सन्तुलि, समन्यायिक र समावेशिक विकास गरी शिथिल अर्थतन्त्रलाई गतिशिल बनाउँदै आत्मनिर्भर अर्थतन्त्र हासिल गर्दै गरिबी निवारण गर्ने लक्ष्यका साथ प्रदेश सरकारले लिएको समृद्ध नेपाल र सुखी नागरिकको संकल्पलाई साकार पार्नलाई थुप्रै जटिलताहरूको बीचबाट पनि विगतका समीक्षा पनि प्रदेशको वर्तमान र भविष्यको अनुसन्धान गरी १८६ बुँदाहरूमा समावेशी गरी स्पष्ट प्रार्थमिकताका साथ आफ्नो नीति तथा कार्यक्रम निर्धारण गरेको छ । यस मानेमा म गण्डकी प्रदेश सरकारलाई हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु । यतिबेला विश्वव्यापी महामारीको रूपमा रहेको कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्दै महामारीबाट नागरीकको रक्षा गर्न सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्दै यस्ता महामारी विरुद्ध लड्न स्वस्थ जीवनको लागि स्वास्थ प्रणालीको सुदृढ गर्न यो नीति तथा कार्यक्रमले पहिलो

प्राथमिकतामा राखेको छ । त्यसै गरी रोगको नियन्त्रणसँगै भोकलाई रोक्नको लागि कृषि उत्पादन र उत्पादनकत्वमा बृद्धि गर्न आधुनिकीकरण, व्यवसायीकरण गर्दै आय प्रतिस्थापित गर्दै हावा पानी माटो सुहाउँदो पोषणयुक्त कृषि उत्पादन गरी रोजगारीको सिर्जना कृषिमा आत्मनिर्भरता हासिल गर्दै गतिशिल र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने कुरालाई विशेष प्राथमिकताका साथ नीति तथा कार्यक्रममा उल्लेख गरेको छ । त्यसै गरी विकास निर्माणलाई तीब्रता दिन स्थानीय तहको केन्द्र जोड्ने सडकलाई तीन वर्ष भित्र कालो पत्रे गर्ने एक निर्वाचन क्षेत्र एक सडकलाई निरन्तरता दिने । आगामी २ वर्षभित्र ५५२ किलोमिटर सडक कालोपत्रे गर्ने आर्थिक वर्षमा १२१ जोलुङ्गेपुल निर्माण कार्य सम्पादन गर्ने र खानेपानी र सरसफाइको पहुँचको मौलिक हकलाई सुनिश्चित गर्न १ घर १ धारालाई विशेष प्राथमिकताका साथ सञ्चालन गर्ने गण्डकी प्रदेश, उज्यालो प्रदेश घोषणा गर्ने ३ वर्षमा ७० हजार काठे पुलको स्थापना गर्ने सौर्य उर्जा जलवायु तथा जलविद्युतमा लगानी प्रवर्द्धन लगायतका विशेष विकास निर्माणको कामलाई पनि निरन्तरता दिने कुरामा प्रष्ट नीति तथा कार्यक्रममा प्राथमिकतामा राखेको छ । सभामुख महोदय, भौतिक विकासका लागि अनिवार्य सर्त भनेको औद्योगीकरण र रोजगारी सिर्जना हो । तसर्थ गण्डकी प्रदेशमा औद्योगिक विकासको माध्यमबाट उत्पादन र उत्पाकत्वमा बृद्धि गरी अर्थ आर्जन तथा रोजगारीको अवसर सिर्जना गर्दै प्रदेशको समृद्धि हासिल गर्न थुप्रै पर्यटन र पर्यटकीय स्थलहरू विकास र विस्तार गर्ने योजनालाई निरन्तरता दिएको छ । त्यस्तै महिलाहरूलाई आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने छुवाछुत तथा वेदभावविरुद्ध सुन्ने सहनशीलताको नीति अवलम्बन गर्ने । र शिक्षालाई वैज्ञानिक प्रविधिमैन्त्री बनाउने लगायतका सबै वर्ग क्षेत्र जाति र समुदाय नैसर्गिक तथा संविधान प्रदत्त अधिकारहरूको संरक्षणमा विशेष ध्यान दिने कुरा प्रष्टसँग उल्लेख गरेको छ । यसरी नेपालको संविधानले निर्दिष्ट गरेका राज्यका सिद्धान्त र नागरिक अधिकारको सुनिश्चित गर्न संघीय लोकतान्त्रीक गणतन्त्र र संघीय शासन प्रणालीको रक्षा गर्दै भोलिको समृद्धिको लागि स्कुलको स्थापना गर्ने र नागरिकका दुःख र दर्द सुन्नका लागि हेल्थ कार्यक्रम जस्ता कार्यक्रम सञ्चालन गर्दै आएको कुरा यो नीति तथा कार्यक्रममा उल्लेख गरेको छ । अब भन्नुस् सबै कुरा लेखेर मात्र परिवर्तन सम्भव छ ? परिवर्तन के को लागि ? तपाईं हामी आफैबाट परिवर्तनको सुरुवात गर्नु पर्दैन ? तसर्थ यो नीति तथा कार्यक्रममा जे जति कुरा उल्लेख भएका छन् यसको शीघ्र कार्यसम्पादन र सफलता पूर्ण सफलताको कामना पनि व्यक्त गर्दछु । सभामुख महोदय, नीति तथा कार्यक्रम आफैमा सुन्दर छ तर कुनै पनि चिज आफैमा पूर्ण हुँदैन । महशुसबाट नै परिवर्तनको सुरुवात हुन्छ तसर्थ । यसमा आफूलाई लागेको केही जिज्ञासा प्रस्तुत गर्छु/सुझाव राख्न चाहन्छु । सर्वप्रथम त यो नीति तथा कार्यक्रम जुन स्पीटका साथ आएको छ त्यसको स्पीट अनुसारको व्यवस्था बजेटको व्यवस्थापन न्यायिक हुनुपर्‍यो ।

संरचना र विस्तारीत गर्नु पर्ने कार्यक्रममा छिटोछरितो र पादर्शी हुनुपर्ने त्यसैगरी कृषि तथा भूमिसुधार क्षेत्रमा बुँदा नं. ८१ देखि १०२ सम्म सरकारको नीतिले कृषिको आधुनिकीकरण गरी प्रदेशलाई कृषि जन्य उत्पादनमा आत्मनिर्भर बनाउने लक्ष्य लिएको छ तर विवेककारी भू स्वामित्वले उत्पादन क्षमता सङ्कुचित बन्दै गएको छ । भूमिविहीनका समस्या सम्बोधन गरी कृषिमा आधुनिकीकरण गरी लगानी केन्द्रित नगर्दा श्रमगर्ने दुब्लाउँदै जाने र श्रममा लगाउने मनहरू परिस्थिति बन्दै गएको छ । यो अन्यायपूर्ण जम्मा निर्माण भएको वर्गीय संरचनाकै उपज हो । तसर्थ खास किसानको सरकारको कार्यक्रमसँग पहुँच पुग्ने व्यवस्थाको संरचना गर्नु पर्दछ र सम्पत्तिमाथि वैज्ञानिक हक बन्दीलगाई भूमि सुधार गरी सुकुम्बासी र श्रम गर्ने आत्माको खेती योग्य जमिनको व्यवस्था गर्न जरुरी छ । यो नीति तथा कार्यक्रमले जुन लक्ष्य लिएको छ र जति पनि हामीले आफ्ना बुझाइ र सल्लाह सुझाव राखेका छौं यसलाई मनन योग्य कुराहरूमा सरकारले आफ्नो ध्यान दिने छ भन्दै अन्त्यमा यो नीति तथा कार्यक्रम समृद्धिको बाटोको प्राथमिकता निर्धारण गरेको छ यसको प्रभावकारिता कार्यले भोलिको सुन्दर दिनको ढोका खुल्ने छ । परिवर्तनको सुरुवात र आत्मसात हामी आफैबाट गरौं अवश्य पनि यो प्रदेश समृद्ध प्रदेश बनाउन सकिने छ भन्ने पूर्ण विश्वासका साथ मैले आफ्नो भनाई यही अन्त्य गर्न चाहन्छु । धन्यवाद !

**माननीय सदस्य श्री दोभाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।**

सम्माननीय सभामुखज्यू, आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम माननीय प्रदेश प्रमुख आदरणीय अमिक शेरचनद्वारा प्रस्तुत गरिएको नीति तथा कार्यक्रम माथि हामी छलफलमा जुटिराखेका छौं । विशेष गरेर यो नीति कार्यक्रममा थुप्रै कुराहरू उल्लेख भाका छन् । तर हाम्रो भनाई मात्र के हो भने कालोलाई कालो र सेतोलाई सेतो भन्ने प्रविधिलाई नै विकास गरौं भन्ने हुन्छ तर विकास अवश्य पनि सत्तापक्ष माननीयज्यूहरू बाध्यता होला त्यसकारणले उहाँलाई कालै भएपनि सेतै छ भन्नु पर्ने बाध्यता होला त्यसकारणले ती मान्यताहरू यहाँ आकलन गरौं जस्तो लागेको छ । त्यसकारणले मात्रै हामी यो सरकारको विरोध गरिराखेका छौं । यो नीति तथा कार्यक्रममा भएका विषयहरूमा छुटेका कुरा थप्नुपर्ने र कमजोरी भाका कुरालाई सच्याउनुर सरकार बलियो होस् भन्ने मात्रै मलाई लाग्दछ । तर यसलाई गलत व्याख्या गरेर अहिले विरोधमात्रै गरे भनेर यो सिष्टमको हाम्रो विकास भाको छ । यो कमजोरी हो भन्ने मलाई लाग्दछ । सम्मानीय सभामुख महोदय, आज विश्वभरी कोरोनाको संक्रमणबाट र नेपाल र नेपालीहरू विश्वमा गएर ज्यान गुमाउने नेपालीहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र उपचारमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, पत्रकार, जनप्रतिनिधिहरू लगायत सम्पूर्ण संघसंस्थालाई उच्चसम्मान व्यक्त गर्न चाहन्छु । माननीय

सभामुख महोदय, आज विदेश तथा सीमामा अलपत्र परेका नेपाली देशमा भित्रिसकेपछि क्वारेन्टाइन्डको राम्रो व्यवस्था नभएको क्वारेन्टाइन्डमा राख्न आरडिटी टेष्ट नगरी कोरोनाको ठाउँमा राखिएको जसको कारण सबैको कोरोना संक्रमण हुन सक्ने सम्भावना रहेकोले यो प्रति सरकारले हामीले सबै व्यवस्था गरेको भनेर भन्नुभाको छ तर यसमा फिल्डमा गएर हेऱ्यो भने त्यो यथार्थ सत्य कुरा के हो भनेर बुझिन्छ । त्यसकारणले हामीले यो कुरा पुगेको छैन यसलाई व्यवस्थित रूपले गर्नु पऱ्यो । अस्तव्यस्त एउटा कोठामा १०/१५ जना बसेर क्वारेन्टाइन्डको त्यो परिपालन हुन्छ ? कि हुँदैन ? त्यसको मापदण्ड पुग्छ कि पुग्दैन भन्ने कुरालाई मात्रै हामीले राखेको हो त्यसकारणले यसलाई बुझिदिनु हुनको लागि पनि म आग्रह गर्न चाहन्छु । सरकारसँग श्रमजीवी, मजदुर, व्यरोजगारको ठोस तथ्य नै नभएकोले राहत वितरण कार्यक्रम फितलो भएको राहत वितरण भन्दा मजदुरलाई रोजगारी दिने भन्ने सरकारको योजना असफल भएको हुनाले सर्वहारको रोगको चिन्ता भन्दा भोकको चिन्ता पर्ने अवस्था भाको छ त्यसै सन्दर्भमा सरकारले नीति तथा कार्यक्रम मौन छ र त्यस्ता राहतको प्रभावकारी कार्यक्रम ल्याउन आवश्यक देखिएकोले तुरुन्त सरकारले राहतको घोषणा कार्यक्रम गरोस् भन्ने जोडदार माग गर्दछु । देश लकडाउनमा गएको करिब ३ महिना हुन लागिसक्दा समेत अझै कति लम्बिने हो भन्ने अनिश्चितताको महामारीमा सरकारले देशलाई सधै लकडाउनमै राख्ने कि लकडाउनलाई केही खुकुलो गरी जनताको जीवन यापनलाई सहज बनाउने ? कुनै रणनीति योजना नभएकोले यसलाई तुरुन्त योजनाबद्ध ढङ्गबाट अगाडि बढ्न म सरकारलाई जोडदार माग गर्दछु । सभामुख महोदय, सरकारको समृद्ध नेपाल र खुसी नेपालीको नारा भए तापनि राज्य समृद्धितिर उन्मुख देखिँदैन जनता खुसी देखिँदैनन् बरु पीडा, भोग, दुःखभन्दा केही नभएकोले नारामा मात्र सीमित भएको देखिन्छ । सभामुख महोदय सार्वजनिक प्रशासंन पारदर्शी जमाउने भन्ने छ भ्रष्टचार शून्यता शहनशीलता नीति अवलम्बन गरी भ्रष्टचारलाई गर्दिन र गर्न पनि दिन्न भनिएको छ र तर यसको जलन्त उदाहरण म राख्न चाहन्छु । हालै मात्र आज देश यस्तो अप्ठ्यरोमा परेको अवस्थामा सम्माननीय राष्ट्रपतिज्यूको दरबारमा दरबार भने पनि भयो त्यसलाई उहाँको गलैचा १ करोड र अरु कामको लागि चाहिँ १ करोड ८२ लाखको अहिले यस्तो अवस्थामा खर्च गर्ने अवस्था भनेको यसको जलन्त उदाहरण हो भन्ने मलाई लाग्दछ । आज मन्त्री क्वाटरमा जि हल निर्माण गर्ने कार्यक्रम यो भ्रष्टचारको पराकाष्ठ हो कि भन्ने मलाई लाग्दछ । आज प्रदेश सरकारले लिएको तेलको दोहोरो सुविधा यसलाई पनि त्यसैमा भ्रष्टचारभित्र पर्छ कि पर्दैन ? यसलाई पनि हामीले भ्रष्टचारको शून्यता हो कि होइन ? भन्ने कुरालाई हामीले जलन्त उदाहरणमा राख्न चाहन्छौं । भ्रष्टचार मौलाएको हुनाले सरकारले नीति तथा कार्यक्रममा राख्ने मात्र जनतालाई विश्वास गराउन नसक्ने यसको जनतालाई सरकारले तुरुन्त जवाफ दिनुपर्छ भन्ने कुरा पनि म आग्रह गर्न चाहन्छु ।

सभामुख महोदय, अस्पतालको स्तरउन्नति गर्ने सम्बन्धमा तनहुँको सम्बन्धमा दमौलीमा रहेको हस्पताललाई १५ गेटबाट बढाएर ५० गेटको सम्मपन्न हस्पिटल बनाउने व्यवस्था गरियोस् । बजेटको व्यवस्था गरियोस् भन्ने म माग गर्न चाहन्छु । दलित, महिला, अल्पसंख्यक, पीछडिएका वर्गमाथि हुने महिला हिंसामाथि वेदभाव छुवाछुत र विवेदपूर्ण शून्य सशनशीलताको नीति लिएको पनि हाम्रो अगाडि घटेको घटनालाई पनि सरकारले टुलुटुलु हेरिरहेको हुँनाले नाराले कहिले सार्थक पाउने र ? जनताले कहिले खुसी र सुखी हुन सक्ने छन् सभामुख महोदय, आज जबसम्म मारमा मात्रै सीमित राखिएको छ र जनताले आज सेवा सुविधा पाउने कुरामा कति पाए सरकारको बजेटमा कति जनताले दलितले राहत पाए कतिले राहत पाए ? कहाँ कसरी खर्च भयो विगत वर्षका कार्यक्रमहरू अहिले कसरी खर्च हुँदै छन् ? त्यसकारणले यसको जवाफ सरकारले दिनुपर्छ भन्ने सभामुख समक्ष म आग्रह गर्न चाहन्छु । दलित वर्गका लागि बनेका नीति तथा कार्यक्रमसम्म कार्यक्रम हुन नसक्दा नीति तथा कार्यक्रममा सीमित रहेकोले कार्यक्रम भए नभएको कार्यक्रम कसरी कहाँ भए त्यसको जानकारी हुन माग गर्दछु । भूमिहिन सुकुम्बासी गैर दलित सुकुम्बासी व्यवस्थापन कहिले र कसरी हुन्छ सदनलाई जानकारी दिनु पऱ्यो आज संविधान दिवस अनुसार २ वर्षको अन्तरमा सुकुम्बासीको व्यवस्था गर्ने भनेको तर त्यो व्यवस्था हुन सकिराखेको छैन । यो नीति तथा कार्यक्रम मात्रै आएको छ । त्यसकारणले यसका लागि सरकारले सदनलाई जानकारी दिनुपर्छ भन्ने आग्रह गर्न चाहन्छु । सभामुख महोदय, सरकारका प्रायः कार्यक्रमहरू विशेष भन्ने छन् यो अमुर्त खालको भएकोले के को नाराले मात्रै जनतालाई भ्रम सिर्जना गरेको देखिन्छ । अन्तरजातिय विवाहको कारण आज दलित विवाहित युवाहरूले दिनहुँ ज्यान गुमाउनु परेको छ । सरकारले यसलाई व्यवस्थित गर्ने भनेको छ । आज छुवाछुत अन्तर्राष्ट्रि घोषणा गरिसकेर आज गैर दलित विवाह गर्दाखेरीमा दिनहुँ ज्यान जाने अवस्थालाई सरकारले यसलाई नीति तथा कार्यक्रम अन्तर्गत ल्याएर हुन्छ कि यसलाई कार्यान्वयन पक्षमा जानुपर्छ त्यसको बारेमा म जवाफ चाहन्छु सभामुख महोदय ।

माननीय सभामुख महोदय, सरकारको नीति तथा कार्यक्रम वन तथा वातावरण संरक्षण गर्ने र वैज्ञानिक वन व्यवस्थापन गर्ने साथै केन्द्रीय सरकारको नीति २०७७-०७८ को बजेटमा पनि वैज्ञानिक वन व्यवस्थापन र आयआर्जन कार्यलाई निरन्तरता दिने घोषणा पनि गरिसकेको छ । सभामुख महोदय, बजेट घोषणा गरेकै दिन संघीय सरकार मन्त्रीपरिषद् बैठकले प्रधानमन्त्रीको ठाडो आदेशमा गैर जिम्मेवारी पूर्ण देशभरी काठ उत्पादन, सङ्कलन, बिक्री र ढ्वानीमा प्रतिबद्ध लगाउने निर्णय गरेको छ । यो घोर आपत्ति प्रकट गर्न चाहन्छु सभामुख महोदय, देशभरि अति अब यस वर्ष झण्डै डेढ करोड चिरफुट काठहरू उत्पादन हुँदा सरकारलाई अनुमानित २ अर्ब राजश्व संकलन भई रहेको अवस्थामा यो निर्णयले सो राजश्व गुम्ने खिन्छ ।

सभामुख महोदय, देशभरी कम्तिमा १४ हजार वनपैदावारमा आधारित उद्योगहरू छन् । जसमा वन क्षेत्र र उद्योगमा काम गर्ने मात्र ३ लाख भन्दा बढी छन् । ३ लाख जना कामदारको प्रतिघर जनताको जानेको सदस्य रहने १५ लाख प्रत्यक्ष मारमा परिरहेका छन् । रोजगारदाताको खरबौं रूपैयाँ नोक्सान भई बैंकसँग लिएको ऋण चुक्ता गर्न बैंकलाई चुक्ता गर्न सम्म नसक्ने भएकोले समेत नकरात्मक असर पर्ने देखिन्छ । पश्चिम कैलालीमा केही सामुदायिक वनमा समस्या आएको भन्दैमा देशभरिका सामुदायिक वन, काठ व्यवसायिलाई नकरात्मक दृष्टिले हेर्ने सरकार कसरी लोकप्रिय हुन सक्छ ? नीतिगत भ्रष्टचार मौलाई विदेशी काठहरू र आल्मोनियम युपिभिसीको आयोगले देशको अरबौं रूपैयाँ बिचबिचको चलखेलले अन्त्य गरी स्वदेशमै उत्पादन प्राथमिकता दिनुपर्ने सट्टामा संघीय सरकार माफियाँको चंगुलमा फँसेको देखिन्छ ।

सभामुख महोदय, संविधानमै व्यवस्था भए अनुसार वन व्यवस्था सरकारको मातहातमा रहने व्यवस्था भए तापनि संघीय सरकारले संविधान विपरितको गरेको यस प्रकारको जनताका विरोधी निर्णय तत्काल खारेज गरी प्रत्येक सरकारले आफ्नो जिम्मेवारी बहन गरोस् भन्ने अनुरोध गर्दछु । अन्तिममा सभामुख महोदय, निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम जसरी विवेदपूण ढङ्गले बाढ्न खोजिएको छ । र आगामी दिनमा हामी माननीयज्यूसँग कुनै त्यस्तो खालको हामी झगडा गर्न चाहदैनौं । मात्र हामीले खोजेको समान हैसियतबाट त्यो वितरण होस् होइन भने यो कार्यक्रम खारेज हुनुपर्छ । यति विभेद गरियो भने हामी घोरविरोध गर्दछौं । धन्यवाद ! जय नेपाल !

**माननीय सदस्य श्री राजीव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, माननीय प्रदेश प्रमुख अमिक शेरचनद्वारा जेठ १८ गते प्रस्तुत गरिएको नीति तथा कार्यक्रम विगतका कामहरू वस्तुनिष्ठ समीक्षा र सिंहावलोकन गर्दै विश्व मानव जीवनमै गम्भिर महासंकटको महामारीको रूपमा फैलिएको कोभिड-१९ बाट प्रदेशवासीको जीवन रक्षा कसीर छिटोछरितो गर्ने र महामारीबाट शिथिल भएको अर्थतन्त्रलाई कसरी चलायमान बनाउने र स्वास्थ्य, कृषि, शिक्षा, पर्यटन, उद्योग, यातायात निर्माण लगायतका हरेक क्षेत्रलाई पारेको असरको आधारमा क्षेत्रगत पूर्नउत्थानका कार्यक्तम गर्दै पुरानै अवस्थामा फर्काइ रोग, भोकबाट मुक्त गराई समृद्धि प्रदेश र सुखी नागरिकको कसरी बनाउन सकिन्छ । १ वर्ष भित्र यो यो काम यसरी गर्न सकिन्छ भन्ने स्पष्ट भिजन भिजनलाई कार्यान्वयन गर्ने मिसन र एक्सनका साथ सूत्रगत रूपमा ४८ पृष्ठमा आएको छ । यो पौराणिक ग्रन्थ रामायणमा जस्तो रावणले सीता हरण गरेको कथा पनि छैन, हनुमानले

लङ्कामा आगो लगाएको कथा पनि छैन । यो नीति तथा कार्यक्रम त जनताको जीवनस्तर कसरी उकास्न सकिन्छ ? जनतालाई कसरी सुखी र खुसी बनाउन सकिन्छ ? भनेर जनताले आफ्नो दैनिक जीवनमा अनुभूति गर्न सकिने गरेर आएको छ । १२ वर्ष खर्चेर रामायण पढ्नुको सट्टा १२ मिनेट मात्र राजनैतिक, पूर्वाग्रहबाट माथि उठेर यो नीति तथा कार्यक्रममा घोतलिने हो भने मात्रै यो वर्तमान महाशंकट पार लगाने सञ्जिवनी बुटीको रूपमा यो नीति तथा कार्यक्रमलाई पाउन सकिन्छ ।

सभामुख महोदय, हिजो र आज मैले यो सम्मानीत सभामा केही माननीयज्यूहरूको नीति तथा कार्यक्रम माथिका भनाइहरू सुन्दा मैले प्राप्त गरेको मैले पाएको यो नीति तथा कार्यक्रमको पुस्तक र अन्य माननीयहरूले पाएको नीति तथा कार्यक्रमको पुस्तक कतै फरक त परेन ? पुस्तकको कभर एउटै पनि भए भित्र लेखेका कुरा फरक त छैन ? यो यस्तो लागि रहेको छ । यो पुस्तकको पेज नं. १ देखि पेज नं. १२ सम्म २ वर्षको छोटो अवधिमा गण्डकी प्रदेश सरकारले संघीयताको जग र आधार निर्माण गर्दै चाहे नीति नियम कानूनको लागि विधिको शासनमा आधारित पारदर्शी, जवाफदेही, परिवारमुखी र नागरिक मैन्त्री शासन व्यवस्था कायम गर्न ४० वटा विधेयक सम्मानित सभामा पेश गरेको र हालसम्म ३३ वटा पारित भएको कुरा होस् । चाहे प्रदेश सरकारले अन्तर्राष्ट्रिय सरकारलाई उचाइमा पुऱ्याएको कुरा होस् चाहे प्रदेश भित्रका २० औं वर्षदेखि निर्माण हुन नसकेका ठाउँमा १०८ किलोमिटर कालोपत्रे ढलान गरिएको २०७ किलोमिटर सडक ग्राबेल गरिएको आगामी २ वर्ष भित्र सम्पन्न गर्ने गरी ५५२ किलोमिटर सडक कालेपत्रे गर्न बहुवर्षे ठेक्का सम्झौता गरी निर्माण कार्य अगाडि बढाएको कुरा होस् । चाहे पिच सडकको पुल निर्माण गरिएको र २ वर्ष भित्र १४४ पुल निर्माण गर्ने गरि भैरहेको कार्य होस् । चाहे १ घर १ धाराको कुराहरू हुन्, चाहे उज्यालो प्रदेशका कुरा हुन्, चाहे पर्यटन क्षेत्रका कुरा हुन्, चाहे कृषि क्षेत्रका कुराहरू हुन् । धेरै कामहरू सम्पन्न भैसकेका छन् । धेरै कामहरू भैरहेका छन् । धेरै कामहरू हुँदै छन् । हुन त म व्याकरणमा अलिकति कमजोर विद्यार्थी हुँ । पढेको कुरालाई गरियो भनेर लेखियो होला, भइरहेका कुरालाई भैरहेका छन् भनेर भनियो होला हुँदै गरेका कुरालाई हुँदैछन् भनेर लेख्ने होला त्यसो भएर माननीय सभामुख महोदय, सरकार गठन भएको यो छोटो अवधिमा विकास निर्माणदेखि हरेक क्षेत्रमा आधारभूत तहका जनताले प्रत्यक्ष अनुभव गर्ने गरेर तीब्र गतिमा एक हिसाबले भन्नुहुन्छ भने जेट स्पिटमा काम भैरहेको थियो, काम भैरहेका थिए तर ५ वर्षभित्र प्रदेशलाई यसले समृद्ध प्रदेश बनाउने हिसाबले मुख्यमन्त्री माननीय पृथ्वीसुब्बा गुरुङको नेतृत्वमा सरकार अगाडि बढिरहेको थियो तर अकस्मात कल्पनै नगरेको कोरोना भाइरसको महामारीको सामाना गर्नु पऱ्यो यो भाइरसले विश्वको हालसम्मको गरेका सम्पूर्ण नविनतम उपलब्धिहरुलाई नाजुक बनाइरहेको अवस्थामा विश्वका अन्य धनी मुलुकहरूले हावाकावा खाइरहेको बेला सम्माननीय

प्रधानमन्त्री केपी शर्मा ओलीले त्यसबाट प्रदेश सरकारले नआत्तिकन धैर्यता र संयमता साथ माननीय मुख्यमन्त्रीको नेतृत्वमा उच्चस्तरीय निर्देशक समिति गठन गरी प्रमुख सचिव हरि बस्यालको संयोजकत्वमा प्रदेशस्तरीय समन्वय समिति गठन गरी कोरोना भाइरसको उपचार, रोकथाम, नियन्त्रण गर्न र रोग र भोकले प्रदेशमा कुनै पनि जनतालाई समस्या नआओस् भनेर सीमित स्रोत र साधनको बाबजुद विभिन्न समितिहरू गठन गरी राज्यका सबैं अंगहरू परिचालन गरी आफ्नु जीवन नै हत्केलामा राखी मुख्यमन्त्री, सरकार, स्वास्थ्यकर्मी, सुरक्षाकर्मीहरूले जुन भूमिका खेल्नुभएको छ । जसको कारणले आज गण्डकी प्रदेशमा यो नियन्त्रण भित्रै रहेको छ । यो तपाईं हामी सबैलाई दिउँसोको घाम जत्तिकै छलङ्गै छ । म मुख्यमन्त्री, सरकार, स्वास्थ्यकर्मी, सुरक्षाकर्मीहरूको उच्च सम्मान गर्न चाहन्छु । सहीमुखी, परिणाममुखी प्रभावकारी कार्यन्वयनको कारणले यो कोरोना भाइरस आजसम्म गण्डकी प्रदेशमा फैलिन पाएको छैन । भारतबाट आएकामा मात्र यो पाइएको छ ।

सभामुख महोदय, स्थानीय सरकारलाई साथ र विश्वासमा लिएर सरकारले सुरुमै विपन्न दैनिक ज्यालादारीलाई राहत बाँड्नेदेखि सुरुमै शंकास्पद र लाइनमा खटिनेहरूको टेष्ट गर्ने देखि जे जस्तो काम गऱ्यो जसको कारणले आजको दिनसम्म प्रदेशभित्र कोही पनि नागरिक भोक र रोगले आत्तिनु पर्ने अवस्था आएको छैन । चेक जाँच गर्ने भनेको जसलाई देख्यो त्यसलाई च्याप्प समात्यो रगत थुत्यो, खकार निकाल्यो निकाल्ने पनि त होइन होला । आवश्यकता, औचित्यता, विधिका आधारमा पो चेकजाँज गर्ने होला सभामुख महोदय, सरकारले महासंकटको घडीमा जिम्मेबारीतापूर्वक काम गरिराखेको बेला केही तत्वहरू जनतालाई भ्रमको खेती गर्दै धमिलो पानीमा माछा मार्ने शैलीमा झुटलाई सय चोटी दोहोऱ्याएपछि सत्यसावित गर्न सकिन्छ भन्ने आफ्नो निच स्वार्थपूर्ति गर्नको निम्ति लागिरहेको छ । यो विषयमा सिङ्गो प्रदेश सभा गम्भिर र जिम्मेवार हुनुपर्छ ।

सभामुख महोदय, सरकारले गरेका कामहरू केही पनि नदेख्ने फरक्क केही हिसाबले प्रोपोगाण्डाका निम्ति भ्रष्टचार र कुशासनका कुरा आइरहदा मलाई मनमनै विगतका घटनाहरू स्मरण भै रहेको छ । सभामुख महोदय, भदौमा आँखा फुटेको गोरुले सधैं हरियो देख्छ, कमलपित्त भएको आँखाले सबैलाई पहेँलो देख्छ भनेजस्तै आफू चुर्लुम्म भ्रष्टाचारमा डुब्ने र भ्रष्टाचारको तक्मा लगाएका नेताको पछि परेड खेल्दै सुन्ने शहनशीलता र भ्रष्टाचार नियन्त्रण गर्न लागिरहेको सरकारलाई भ्रष्टाचारी करार गर्न मिल्ला र ? कम्तिमा लोकको पनि त ख्याल गर्नुपऱ्यो । सभामुख महोदय, हो अहिले हामी कोरोना विरुद्धको लडाइमा छौं । पछिल्ला केही दिनदेखि भारतबाट आएका नेपाली नागरिकको परीक्षण गर्दा कोरोनामा बृद्धि परिवर्तन भएको छ । यसको व्यवस्थापनको निम्ति प्रदेश र स्थानीय सरकार

लागि रहेका छन् । यस्तो बेलामा सरकारलाई सहयोग गर्ने हो कि डाँडामा बसेर कोरोना आयो, कोरोना आयो भनेर बिस्कुन छर्ने कराउने मात्र हो ? जस्तो सुकै संकटलाई पनि सरकारले सामना गरेर अगाडि बढ्छ । सरकारलाई कुप्रो मान्छे बसी उठ कि उठी बस भने जस्तो कोरोना नियन्त्रण गर्न त्यसमा मात्रै लाग्ने नलाग्ने भन्ने अरु काममा पनि सँगसँगै अरुमा लाग्ने कोरोना नियन्त्रण गरेको खै ? भनेजस्तो कुरा गर्ने जे गर्दा पनि नहुने भन्ने एउटा चाहिएको अरु हो कि ? रूपमा एउटा कुरा गर्ने आवरणमा अर्को कुरा चाहिएको हो कि ? मोही माग्ने ढुम्म्रो लुकाउने कुरा गर्न खोजेको हो कि ? आफ्नो दायित्व र जिम्मेवारीका साथ सरकार अहिले काम गरिराखेको छ सभामुख महोदय, कोभिड-१९ बाट शिक्षा लिँदै प्रदेश सरकारले स्वास्थ्य क्षेत्रलाई पहिलो प्राथमिकता दिँदै नीति तथा कार्यक्रम ल्याएको छ । संघसँगको कार्य अत्याधुनिक सरुवा रोग अस्पताल स्थापना गर्ने, ३ वर्षभित्र सबै नागरिकलाई स्वास्थ्य बिमा गर्ने, विपन्न विमारीलाई सहयोग गर्ने, मृगौला, मुटु रोगको विशिष्टिकरणको उपचार सुरुवात गर्ने, विदेशबाट आउनेको संक्रमण बढेसँगै परीक्षणको दायरा पनि फराकिलो बनाउँदै गएको छ । स्वास्थ्यकर्मीहरू खटिराख्नु भएको छ । परीक्षण छिटो गर्नुपऱ्यो भनेर हामी माननीयहरु उफ्रिएर नारा लगाएर त मिल्दैन नि । भारतले अमेरिकाले दिनमा यति हजार जाँच गऱ्यो  भनेर यहाँ जाँच गरेर सकेर मेन पावर र क्षमताबाट कुरा त होइन नि दिल्लीमा पानी पऱ्यो भनेर यहाँ छाता ओढ्ने कुरा पनि भएन सरकारले प्राविधिक र परीक्षणको दायरा बढाउने भनेर स्पष्ट योजनासहितको खाका नीति तथा यो कार्यक्रममा ल्याएको हो । सभामुख महोदय, बुँदा नं. ४८ देखि ६२ सम्मका बुँदाहरूले स्वास्थ्य क्षेत्रमा सबैको पहुँच पुऱ्याउने र राज्य सरकारलाई थप जिम्मेवारी बनाउने र समाजवादतर्फको यात्रा सुरुवात गरेको छ यो सरकार निर्माण भएको जम्मा २ वर्ष भयो तर हामीले स्मरण मात्रै गरौं त हिजो राज्यको नियन्त्रणमा रहेका नाफामुलक उद्योग धन्दालगायतका संरचनाहरूलाई कौडीको मूल्यमा उदारीकरणको नाममा नबेचेको भए स्वास्थ्य शिक्षा क्षेत्रलाई नाङ्गो ढङ्गबाट निजीकरण र व्यापारीकरण नगरेको भए राज्य र सरकारलाई काम गर्न अहिले यति धेरै असहजता र अप्ठ्यारो आउने स्थिति हुने थिएन । यसलाई मनन मात्रै गरौं । विगतमा कुन सरकारले के गऱ्यो भन्नेतिर म अहिले त्यति धेरै जान चाहन्न । कोभिड-१९ ले हामीमा शिक्षा, स्वास्थ्यमा राज्यको दायित्व थपेको छ । सभामुख महोदय, अब हामीले प्रदेशको समृद्धिको विषयमा नयाँ ढङ्गबाट सोच्नु पर्दछ । कृषिजन्य उत्पादनलाई हामीले आत्मनिर्भर बनाउँनै पर्छ । क्वारेन्टाइनको विकासको निम्ति र नयाँ ढङ्गबाट सोच्नुपर्छ मलाई यत्ति कुरा हुँदाहुँदै पनि एउटा कुरा नीति तथा कार्यक्रममा त्यो प्रशंसाको कुरालाई एड गर्दा राम्रै पनि हुन्छ भन्ने मलाई लागेको छ । विगतमा भारतले नाकाबन्दी गर्दा ना पनि भन्न नसक्ने पार्टी वा व्यक्तिले भारतले अतिक्रमण गरेको भूमि

फिर्ता ल्याउन, संविधान संशोधन गर्न नेपाल सरकारले गरेको सहयोगको उच्च प्रशंसा गर्दा यहाँ राम्रै होला जस्तो मलाई लाग्छ धन्यवाद ! नमस्कार !

**माननीय सदस्यहरू,**

अब यो बैठक २०७७ साल जेठ २१ गते बिहान ११ बजेसम्मको लागि स्थगित हुन्छ ।